महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## हरिवन नगरपालिका, सर्लाही

## ८०२१९४११३००

## हरिवन नगरपालिका , सर्लाही

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-६-२१

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
हरिवन नगरपालिका, सर्लाही ,
हरिवन नगरपालिका , सर्लाही

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१।०६।१५ मा छलफल पश्चात् तयार गरिएको अनुसुची सहित पाना ६४ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका ब्यहोराहरु समावेश गरी लेखाउत्तरदायी अधिकृत/ कार्यपालिका प्रमुखलाई जानकारी गराइने ब्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

राजकुमार बोहरा
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार,काठमाडौं,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यायल,
मलंगवा सर्लाही ।,
sarlahi.dtco@fcgo.gov.np

# परिचय

१

**(क) कार्यालय परिचय :-** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु नगरपालिकाको मुख्य उद्देश्य छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल ८६.०६ वर्ग किलोमिटर ४९९८८ जनसंख्या तथा घर संख्या १०७४० रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।६।५ देखि २०८१ ।६।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.२०३०३४३२२९.२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २०२६५३२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट कायम विधालय छात्रवृत्ति रु. २६२००। दिवा खाजा रु.३१६३७३।, बुक कर्नर तर्फ रु.४४४००। असुल भई संचीत कोषमा दाखिला भएको प्रमाण पेश भएको छ। | ३८६९७३ |
| २ | सामाजिक सुरक्षा तर्फ लगत कट्टा पछि निकासा भएको रकम संचीत कोषमा दाखिला भएको प्रमाण पेश भएको छ। | २८९५५९ |
| ३ | लखनदेही खोलाको आय ठेक्काको बुझाउन बाँकी रु ९५००००। र खसी बजारको आय रु ४ लाख दाखिला भएको प्रमाण पेश भएको छ । | १३५०००० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ वित्तीय प्रतिवेदनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | | सि.नं. | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | 77372767.71 | १ | चालु खर्च | | 169626053.10 |
| | क) नगद | | | | क) संघिय वित्तिय समानिकरण अनुदान | 22245082.43 | |
| | ख) बैक (अनुसुची १ अनुसार) | 44039873.59 | | | ख) प्रदेश वित्तिय समानिकरण अनुदान | 128850.00 | |
| | ग) धरौटी बैक | 27278588.92 | | | ग) राजस्व बाँडफाँड | 86934316.91 | |
| | घ) प्रकोप व्यवस्थापन कोष | 1849951.39 | | | घ) आन्तरिक श्रोत | 60317803.76 | |
| | ङ) विविध खर्च खाता | 2,990,320.86 | | | ङ) जनसहभागिता | 0.00 | |
| | च) विविध कोष खाता - कर्मचारी कल्याण कोष खाता | 1214032.95 | | | | | |
| २ | संघिय वित्तिय हस्तान्तरण | | 492790139.00 | | | | |
| | क) वित्तिय समानिकरण अनुदान | 121458000.00 | | | | | |
| | ख) सशर्त अनुदान | 352794500.00 | | २ | पुँजीगत खर्च | | 131052252.09 |
| | ग) विशेष अनुदान | 8537639.00 | | | क) संघिय वित्तिय समानिकरण अनुदान | 89179995.55 | |
| | घ) समपूरक अनुदान | 10000000.00 | | | ख) प्रदेश वित्तिय समानिकरण अनुदान | 6719931.04 | |
| ३ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | 9698000.00 | | ग) राजस्व बाँडफाँड | 20332994.75 | |
| | क) वित्तिय समानिकरण अनुदान | 9698000.00 | | | घ) आन्तरिक श्रोत | 14819330.75 | |
| | ख) सशर्त अनुदान | 0.00 | | | ङ) जनसहभागिता | | |
| | ग) विशेष अनुदान | 0.00 | | ३ | सशर्त अनुदान खर्च | | 333163270.79 |
| | घ) समपूरक अनुदान | 0.00 | | | क) संघिय सशर्त अनुदान | 314625631.79 | |
| ४ | विषयगत निकासा रकम | | 241219963.42 | | ख) संघिय विशेष अनुदान | 8537639.00 | |
| | क) सामाजिक सुरक्षा तथा संरक्षण | 217261501.54 | | | ग) संघिय समपूरक अनुदान | 10000000.00 | |
| | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | 4603000.00 | | | घ) प्रदेश सशर्त अनुदान | 0.00 | |
| | ग) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 10486289.57 | | | ङ) प्रदेश विशेष अनुदान | 0.00 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) पर्यटन पूर्वाधार विकास आयोजना | 7593222.63 | | | च) प्रदेश समपूरक अनुदान | 0.00 | |
| | ङ) राष्ट्रपति महिला सशक्तिकरण परियोजना | 199950.00 | | ४ | विषयगत निकायको खर्च | | 241219963.42 |
| | च) महामारी रोग नियन्त्रण कार्यक्रम | 1075999.68 | | | क) सामाजिक सुरक्षा तथा संरक्षण | 217261501.54 | |
| | छ) नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | | | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | 4603000.00 | |
| | ज) पर्यटन बोर्ड | | | | ग) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 10486289.57 | |
| | झ) संचित बिदा | | | | घ) पर्यटन पूर्वाधार विकास आयोजना | 7593222.63 | |
| | ञ) औषधी उपचार | | | | ङ) राष्ट्रपति महिला सशक्तिकरण परियोजना | 199950.00 | |
| ५ | आन्तरिक आय | | 176725634.13 | | च) महामारी रोग नियन्त्रण कार्यक्रम | 1075999.68 | |
| | क) आन्तरिक राजस्व | 37428030.71 | | | छ) नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | | |
| | ख) संघिय राजस्व बाँडफाँड | 93204582.42 | | | ज) झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | | |
| | ग) प्रदेश राजश्व बाडफाड | 12713037.00 | | | | | |
| | घ) मालपोत रजिष्ट्रेशन | 32757824.00 | | | झ) संचित विदा | | |
| | ङ) नगर विकास कोष नगद ऋण | 0.00 | | | | | |
| | च) विज्ञापन करवापत प्राप्त आय | 52160.00 | | | | | |
| | च) संचित कोषमा सोझै दाखिला राजश्व रकम | | | | ञ) औषधी उपचार | | |
| | छ) दहत्तर बहत्तर बिक्रीबाट प्राप्त आय | 570000.00 | | | | | |
| ६ | राजस्व आम्दानी | | | ५ | को.ले.नि.का./ प्र.ले.नि.का.मा फिर्ता | | 38168868.21 |
| ७ | धरौटी प्राप्ती | 4626802.86 | 4626802.86 | | क) संघिय सशर्त अनुदान | 38168868.21 | |
| | | | | | | 0.00 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | ख) प्रदेश सशर्त अनुदान | | |
| | क) | | | | | | |
| | ख) | | | ६ | राजस्व दाखिला | 0.00 | |
| ९ | वित्तिय व्यवस्था प्राप्ती | | | ७ | धरौटी फिर्ता | 4402725.58 | 4402725.58 |
| १० | विभिन्न कोष आम्दानी | | 12738307.48 | ८ | लगानी | | |
| | क) विविध कोष | 0.00 | | ९ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | ख) विविध खर्च खाता आम्दानी | 11736147.48 | | १० | अन्तर स्थानीय तहको रकम खर्च | | |
| | च) विभाज्य कोष खाता | 1002160.00 | | ११ | विभिन्न कोष खर्च | | 12459008.56 |
| | | | | | क) विविध खर्च खाता | 11456848.56 | |
| | | | | | ख) विभाज्य कोष खाता | 1002160.00 | |
| | | | | १२ | बाँकी मौज्दात | | 85079472.85 |
| | | | | | क) श्रेस्ता अनुसार बाँकी (अनुसुची २ अनुसार) | 51243202.53 | |
| | | | | | ख) श्रेस्ता अनुसार अन्य कोष बाकी | 6333604.12 | |
| | | | | | ख) धरौटी बाँकी | 27502666.20 | |
| | | | | | | | |
| | श्रेष्ता अनुसार जम्मा आम्दानी | 1015171614.60 | 1015171614.60 | | श्रेष्ता अनुसार जम्मा खर्च | 1015171614.60 | 1015171614.60 |

सैद्धान्तिक बेरुजु

२.२ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा गत वर्षको जिम्मेवारी महालेखापरीक्षकको प्रतिवेदन अनुसार रु ७६९८८७७४।४३ रहेकोमा यस वर्षको पालिकाले रु ३८३९९३। बढी रु ७७३७२७६७।७१ आम्दानी बाधेको छ । साथै यस वर्षको वार्षिक प्रतिवेदन अनुसार बैक अनुसार रु ८५३७७२९०।०५ र श्रेस्ता अनुसार ८५०८९४७२।८५ रहेको देखिन्छ । उक्त विवरण अनुसार आर्थिक वर्षको अन्तमा राजश्व आम्दानी बाध्न छुट भएको रु २५४२४।, आर्थिक वर्षको अन्तमा चेक साट्न बाँकी रु १३९२५०। र चालु खर्च खातामा बढी आम्दानी बाधेको र विवध खर्च खातामा आम्दानी बाध्न छुटेको रु १०१७२०। सहित यसवर्षको रु ३१४२३।२० बैङ्क बढि देखिएको छ । साथै यस वर्षको पालिकाको अन्तिम मौज्दात रु ८५३७७२९०।०५ रहेको देखिन्छ ।

| सि.नं. | शिर्षक नम्बर | श्रेस्ता अनुसार बाँकी रकम | बैक अनुसार बाँकी रकम | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष खाता | 27999695.72 | 28025119.72 | 22390.75 |
| २ | चालु /पुँजीगत खर्च खाता | 23243506.81 | 23515900.01 | 345461.46 |
| २ | विविध खर्च खाता | 3269619.78 | 3269619.78 | 16140.87 |
| ३ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | 1849951.39 | 1849951.39 | 0.00 |
| ४ | स्थानीय तह विविध कोष खाता | 1214032.95 | 1214032.95 | 0.00 |
| ५ | धरौटी खाता | २७५०२६६६.२ | २७५०२६६६.२ | ० |
| ६ | आन्तरिक राजश्व खाता | | | |
| | जम्मा | ८५,०७९,४७२.८५ | ८५३७७२९०.०५ | |
| | | फरक | २९७८१७.२ | |
| | संचित कोष सोझै दाखिला रकम आम्दानी बाँध्न छुटेको | | २५४२४ | |
| | चालु खर्च खातामा बढि आम्दानी बाँधेको रकम | | १०१७२० | |
| | चेक साट्न बाकी | | १३९२५० | |
| | फरक | | ३१४२३.२० | |

सैद्धान्तिक बेरुजु

२.३ **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु ७६९८८७७४।४३ मौज्दात रहेकोमा यो वर्ष रु ७७३७२७६७।७१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ३८३९९३ बढी जिम्मेवारी सारेको छ । हिसाव मिलान विवरण तयार नगरेकोले उक्त जिम्मेवारी फरक परेको देखिन्छ । हिसाव मिलान विवरण तयार गरी पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.४ वित्तीय विवरणको यथार्थताः पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु २१७२६१५०१।, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु १०४८६२८९।५७, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ४६०३०००।, पर्यटन पूर्वाधार विकास आयोजनाको रु ७५९३२२२।६३, राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको रु १९९९५०।, महामारी रोग नियन्त्रण कार्यक्रमको रु १०७५९९९।६८ सहित जम्मा रु २३६६४८८७०। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| क्र.स. | शीर्षक | प्राप्ति | निकासा/ खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | पर्यटन पुर्वधार विकास आयोजना(कैलास पुरी धार्मीक) | १०,८११,८८६ | ७,५९३,२२३ | |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(स्थानिय तहका स्वास्थ्य शाखा , मातृ तथा नवशिशु , मृगौला प्रत्यारोपन) | १०,३०१,००० | ४ ६०३ ००० | |
| ३ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना(१०० वटा स्थानीय तहमा महिला) | २००,००० | १९९,९५० | |
| ४ | महामारी रोग नियनत्रण कार्यक्रम(हात्तीपाइले रोग) | १,०७६,००० | १,०७६,००० | |
| ५ | सामाजिक सुरक्षा तथा संरक्षण(दलित , जेष्ठ , असाहय , अपाङ्गता , लोपोन्मुख , क्षेत्रगत , जेष्ठ , विधुवा र अति अशक्त) | २२१,१६४,९६८ | २१७२९३४०७ | |
| ६ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम( पालिका अन्तरगत) | १३,२१०,००० | १०,४८६,२९० | |
| | जम्मा | २५६,७६३,८५४ | २३६,६४८,८७० | |

सैद्धान्तिक बेरुजु

२.५ **सञ्चित कोषमा जम्माः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु १४३०३९४६।७२, पुँजीगत खातामा रु ८९३९५६०।०९ समेत रु. २३२४३५०६।८० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.६ **कर दायित्वः** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १५१७५। देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,१७५ |

३ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• निजामती सेवा ऐन,२०४९ बमोजिम यस नगरपालिकाकामा कार्यरत ८४ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले भ्रमण तथा अनुगमन वापत रु.१२ लाख ०६ हजार ४३७ खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ नगरपालिकाले विभिन्न ७ खर्च शीर्षकबाट रु.१२ लाख ८३ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• नगरपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• नगरपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता तथा नवीकरण शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• आन्तरिक आम्दानीको यथार्थमा आधारित अनुमान गरेको देखिएन।

• पालिकाले आफै गर्न सक्ने सामान्य प्रकृतिका कार्यहरु समेत गैरसरकारी संस्थामार्फत गराएको देखिन्छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार बेरुजु फस्यौटको लागि पहल गरेको देखिएन।

• सामाजिक सुरक्षा भत्ता वितरणको लागि निकासा भएको रकम वितरण नभइ बाँकी रहेको रकम समयमा नै बैंकबाट फिर्ता माग गरी संचीत कोषमा दाखिला गरेको देखिएन।

• आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना कार्यक्रमगत तथा योजनागत खाता ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• दिगो बिकास योजना का लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

• तसर्थ, तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यहोरा विगतको प्रतिवेदन औल्याएकोमा स्थिती यथावत रहेको छ ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानिय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकामा आन्तरिक लेखापरिक्षकको पद पदपूर्ती भएता पनि कानुन बमोजिम प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षणको क्रममा औंल्याइएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समाप्त भएको एक महिनाभित्र कार्यालय प्रमुख समझ पेश गर्नुपर्नेमा सो गरेको देखिएन । आन्तरिक लेखापरीक्षकले यस

आर्थिक वर्षमा १ पटकमात्र लेखापरीक्षण गरी प्रतिवेदन गरेको देखियो । सिमित समय र जनशक्तिको आधारमा अन्तिम लेखापरीक्षणबाट सवै कारोवारको परीक्षण गर्न सम्भव हुने स्थिती छैन । कतिपय कारोवार आन्तरिक लेखापरीक्षणलाई आधार लिई अन्तिम लेखापरिक्षणमा परीक्षण नगरिने मान्यता र प्रचलन समेत रहेको छ । यस्तो अवस्थामा पालिकाले आन्तरिक लेखापरीक्षण गराएता पनि अन्तिम लेखापरीक्षण जस्तो १ पटक मात्र भएकोले प्रभावकारी भएको देखिएन । अन्तिम लेखापरीक्षण गर्दा पालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिएको छ । यस्तो अवस्थामा आन्तरिक लेखापरीक्षण कार्यलाई कानून बमोजिम नियमित लेखापरीक्षण गराई प्रतिवेदन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **योजना तथा बजेट कार्यन्वयन**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन । साथै दिगो विकासको लक्ष्यलाई आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागु गरेको देखिएन।

• पालिकाले दीर्घकालिन लाभ हुने र धेरै जनसङ्ख्या लाभान्वति हुने खालका योजना तर्जुमा गरी कार्यन्वयनमा लगेको देखिएन।

• पालिकाले योजना तर्जुमा गर्दा स-साना योजनाहरु धेरै बनाएको देखिन्छ।

• पालिकाले दिगो विकासका अन्तराष्ट्रिय लक्ष्यहरुलाई आन्तरिकीकरण गर्न प्रयासमा शिक्षा क्षेत्रमा केही बढाएता पनि अन्य क्षेत्रमा प्रयाप्त ध्यान दिएको देखिएन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा नगरपालिकाले यस वर्ष पुँजीगत शीर्षकमा २६ करोड ४४ लाख १७ हजार रुपैयाको सार्वजनिक खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

७ **वार्षिक खरिद योजना/गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस वर्ष रु २६४४१७४११। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **योजनाको प्राथमिकिकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने


https://nams.oag.gov.np

व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | योजनाको संख्या | रु.५ लाख भन्दा कमका योजना संख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना | २० लाख भन्दा माथिका योजनाको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा स्तरीय | २०२ | ११८ | ८३ | १ | |
| २ | पालिका स्तरीय | ६३ | २५ | ३८ | ० | |
| जम्मा | | २६५ | १४३ | १२२ | १ | |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये योजनामात्र कार्यान्वयन भई योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ९ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ३७४२८०३०। राजस्व बाँडफाँड र अनुदानबाट रु ९७७४३५८४०। समेत रु १०१५१७१६१४। आम्दानी भएकोमा चालु तर्फ रु ३६९४२४१६४। र पूँजिगत तर्फ रु २६४४१७४११। समेत रु ९३००९२१४१। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४।०२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु १४९१५०००। खर्च भएको छ जुन आन्तरिक आयको ३९।८४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३७।७९ प्रतिशत चालु र २७।०५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १० बजेट तथा कार्यक्रम

१०.१ बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.२ बजेट पेश, पारित र अख्तियारीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु ७० करोड ८९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।६।१४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।६।१९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **क्षेत्रगत कार्यक्रम तथा खर्च बिश्लेषणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायानुसार क्षेत्रगत कार्यक्रम तथा खर्च रहेको छ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,४०,९१,००० | २,३३,९५,१२२ | ५३.०६ |
| २ | सामाजिक विकास | २९,४२,०८,२०० | २५,७८,९१,०३१ | ८७.६६ |
| ३ | पूर्वाधार विकास | ३०,१५,४४,८०० | २२,५३,१३,९६८ | ७४.७२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,९२,५०,००० | २,२०,६२,३१७ | ५६.२१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३,४३,९३,००० | १०,५१,७९,१३६ | ७८.२६ |
| कुल जम्मा | | ८१,३४,८७,००० | ६३,३८,४१,५७५ | ७७.९१ |

माथिको तालिकामा सवैभन्दा बढी खर्च सामाजिक विकास तथा कम खर्च आर्थिक विकासमा भएको देखिन्छ । कार्यालय संचालन तथा प्रशासनिक खर्च अन्य भन्दा बढी वजेट विनियोजन भएको तथा खर्च प्रतिशत पनि औसत भन्दा बढी ७८।२६ प्रतिशत रहेको छ । पालिकाले आवस्यकता विष्लेषण गरी बजेट विनियोजन गर्ने र सोहीअनुसार मात्र खर्च गर्ने गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **त्रैमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक खर्च | दोस्रो त्रैमासिक खर्च | तेश्रो त्रैमासिक खर्च | चौथो त्रैमासिक खर्च | आषाढ महिना को खर्च |
| | पूँजिगत खर्चतर्फ | २६४४१७४१२ | २८८५३४ | ६३८४५५२ | १३१७७५९५ | २४४५६६७३२ | १६८२५१४७९ |
| | प्रतिशत | ७१ | ०।०७ | १।७ | ३।५९ | ६५ | ४५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. २६४४१७४१२ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २८८५३४ अर्थात ०।०७ प्रतिशत, दोश्रो त्रैमासिकमा रु६३८४५५२ अर्थात १।७ प्रतिशत र तेश्रो त्रैमासिकमा रु १३१७७५९५ र चौथो त्रैमासिकमा रु२४४५६६७३२अर्थात ६५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ४५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १३ जिन्सी निरीक्षण प्रतिवेदन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थामा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गराई महालेखापरीक्षकबाट स्विकृत ढाँचामा सम्पत्ती तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले जिन्सी निरीक्षण गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । जिन्सीमा जिन्सीसँग सम्वन्धित जनशक्ती राखेको छैन । लेखापरीक्षणको क्रममा माग भएका जिन्सी मालसामन फिर्ता फारम म.ले.प.फारम नं. ४०४, सम्पत्ती खाता खर्च भएर जाने म.ले.प.फारम नं. ४०७ र खर्च भएर नजाने म.ले.प.फारम नं.४०८, जिन्सी निरीक्षण फारम म.ले.प.फारम नं.४११, जिन्सी सहायक खाता म.ले.प.फारम नं. ४१२, सम्पत्ती/जिन्सी मालसामानको वार्षिक विवरण म.ले.प.फारम नं.४१३, मर्मत आवेदन तथा आदेश फारम म.ले.प.फारम नं. ४१४, मर्मत सम्पन्न फारम म.ले.प.फारम नं. ४१४ क, मर्मत अभिलेख खाता म.ले.प.फारम नं.४१५, भाडामा दिएको/लिएको सम्पत्ती अभिलेख किताव म.ले.प.फारम नं.४१६, सरकारी जग्गाको लगत किताव म.ले.प.फारम नं. ४१७, सरकारी भवनको लगत किताव म.ले.प.फारम नं. ४१७ क, सम्पत्ती मूल्यांकन फारम म.ले.प.फारम नं. ४१८, खरिद सम्पत्ती गोश्वरा लगत म.ले.प.फारम नं.५०७ लगायतका जिन्सी मालसमानको अभिलेखीकरण गर्ने फारमहरु तयार नगरेको देखियो । यसबाट पालिकाको जिन्सीको यथार्थ अवस्था एकिन गर्न सकिने अवस्था रहेको देखिएन । कानूनमा भएको व्यवस्था बमोजिम अभिलेख तयार गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १४ इन्धन खर्च

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७६ (चौथौ संशोधन) को खर्च संकेत २२२११ मा इन्धन पदाधिकारी र २२२१२ मा इन्धन कार्यालय प्रयोजन रहेको छ । खर्च संकेत २२२११ मा पदाधिकारीका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्ट समावेश गरिन्छ भने खर्च संकेत २२२१२ मा कार्यालय प्रयोजनका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्टसको खर्च यस शिर्षकबाट गरिन्छ । पालिकाले यस वर्ष इन्धन कार्यालय प्रयोजनको लागि रु २५ लाख वजेट विनियोजन गरेकोमा रु २३२७०६४। खर्च गरेको छ भने इन्धन पदाधिकारीमा कुने पनि बजेट व्यवस्था भएको देखिदैन। कार्यालयमा रहेका सावरी साधन मोटरसाइकल ट्रक तथा अन्य इन्धन उपयोग हुने साधनको अभिलेख लेखापरीक्षणको क्रममा पेश भएको छैन । इन्धन खर्च गर्ने सम्बन्धमा प्रति सवारी साधन मासिक इन्धन परिमाण सम्बन्धमा कुनै मापदण्ड नबनाई अनियन्त्रित रुपम इन्धन खर्च गरेको देखियो । सवै सवारी साधनको लागि इन्धनको मासिक मापदण्ड तयार नगरेको, सवारी साधन प्रयोगको लगबुक राख्ने नगरेको र इन्धन खपत स्वभाविक समेत नदेखिएकोले इन्धन खर्च मितव्ययी र उपयुक्त रहेको छ भन्ने सम्बन्धमा सुनिश्चित हुने स्थिति नरहेको छ । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

साथै पूजिगत खर्च शिर्षक ३११५९ बाट अन्य सार्वजनिक निर्माणको कार्यको खर्च लेख्नुपर्नेमा भौचर नं. ८, १८, १०९ र ३२६ बाट क्रमश रु १९१२२८।, रु २०२७७३।, रु२४८९८५। र १३२५४१। को इन्धन खर्च भुक्तानी दिएको छ । उक्त भौचरमा विभिन्न वडाको लागि भनि रु ७७५५२७। इन्धन खर्च द ब्रदर्श आयललाई भुक्तानी दिएको छ । सार्वजनिक निर्माणको कार्यमा भुक्तानी गर्नुपर्ने रकम इन्धनमा भुक्तानी गर्दा वजेट सिद्धान्त विपरित देखिएको छ । यस्तो कार्यमा सुधार हुनपर्दछ ।

पालिकाले इन्धनको लागि वडाले सिफारिस पठाउने र सोही आधारमा कार्यालयबाट कुपन जारी हुने गरेको जवाफ दिएको छ ।

सैद्धान्तिक बेरुजु

## १५ विज्ञापन खर्च

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ क को उपदफा ३ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअधि ऐनको दफा २१ को खण्ड ख बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ ग मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ । पालिकाले

यस वर्ष नगरपालिका चालूतर्फ रु २५१५०००।बजेट व्यवस्थापन गरी रु २१६१००७।खर्च गरेको देखियो । उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन । साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु ५७३७१। बोर्डको कोषमा जम्मा हुने अवस्था देखिएन । पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१६ **कार्यालय सामान खरिद र प्रयोगः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा बार्षिक खरिद योजना तयार गर्नुपर्ने र खरिद आवश्यकता पहिचान, खरिद विवरण, परिमाण र क्षेत्र यकिन गरि खरिद योजना तयार गर्ने तथा खरिद लागत तयार गर्नुपर्ने व्यवस्था छ । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र ब्याख्याको खर्च संकेत २२३११ को खर्च शिर्षक मसलन्द तथा कार्यालय सामाग्रीमा यस वर्ष रु ४१३८०००। बजेट व्यवस्था गरी रु ४०३१९४०। खर्च गरेको देखियो । सार्वजनिक खरिद कानून विपरित खरिद योजना नबनाइ पटक पटक र कर्मचारीहरुले आफुअनुकुल बजारमा गई समानहरु खरिद गर्ने गरेको देखियो । शाखा प्रमुखले स्थानीय बजार स्थित पसलहरुबाट पटक पटक सामान खरिद गरी ल्याउने गरेको देखिन्छ । उक्त रकमको खरिद कार्य गर्दा नियमानुसार बोलपत्रको माध्यमबाट खरिद नगरी पटक पटक सोझै खरिद गर्ने गरेको देखिन्छ । सामान खरिद गरी ल्याएपछि नापजाँच गरी जिन्सी खातामा आम्दानी जनाई ति सामान प्रयोगकर्ता कर्मचारीहरुको माग फारामको आधारमा जिन्सी खाताबाट खर्च जनाउनुपर्नेमा कतिपय सामानहरु जिन्सी आम्दानी नजनाउने, माग फाराम स्विकृत नगर्ने, माग फारामहरु व्यवस्थित नराख्ने, जिन्सीबाट माग फारामको आधारमा खर्च नघटाई जिन्सी खातामा पुरै मौज्दात देखाउने, बर्षान्तमा खर्च नभएको सामानको मौज्दात विवरण तयार नगर्ने, जिन्सी निरीक्षण तथा मौज्दात परीक्षण नगरेको स्थिति देखियो । खरीद भएका सामानहरुको अभिलेख तथा प्रयोगको अवस्था सम्बन्धमा जिन्सी खाताबाट यकिन गर्ने स्थिति देखिएन । उदाहरणको लागि नमुनाको रुपमा परीक्षण गरिएको भौचर नं. ७४६-०८१।३।२२ बाट खरिद भएका सामान दाखिला गर्दा कम मौज्दातमा दाखिला भएको देखियो । उक्त भौचरमा दाखिला गर्दा मसुरोदाल २५ केजी को ५.१८ बोरा अर्थात १३२ केजी खरिद गरेकोमा ५.२८ केजी मात्र दाखिला भई भ्याट सहित रु २२१९५।, सनफ्लावर तेल आधा लिटरको ३० कार्टुन खरिद गरी ३० लिटर मात्र दाखिला भई २७ कार्टुन कम दाखिला भई रु ५६७००।, आयो नुन ५० केजीको २.४ बोरा खरिद भएकोमा २.४ केजीमात्र दाखिला भएकोले कम भएको रु २६४५।, पुजा सेफ्टी सप ५० कार्टुन खरिद गरेकोमा ५० वटा मात्र दाखिला भएकोले ११५० वटाको हुने रु ५५२००। , V-Series Gold Surf १२.५ बोरा खरिद गरी १२.५ पिस दाखिला भएकोले बाँकी २१३ वटाको रु २०२३०।, मिक्स मसला २०० ग्राम १० वटा हुने ५० प्याक खरिद गरी ५० वटा मात्र दाखिला भएकोले ७२० वटाको हुने रु ४१०३९। सहित जम्मा रु १९८००९। कम दाखिला भएको देखियो । खरिद गरेको सामान भन्दा कम दाखिला भएको उक्त रकम असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९८,००९ |

१७ **विविध खर्च**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार खर्च संकेत नं. २२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाले विविध खर्च शिर्षकमा रु.२०४००००। बजेट व्यवस्था गरेकोमा रु. १२६६३७८। खर्च गरेको छ । उक्त खर्च अन्तर्गत अधिकाशं खर्च होटलको बिल पेश हुने गरेको, बिलमा सयौको सङख्यामा लन्च वक्स, पानि, कफि नास्ता लगायत खाजा खानाको बिल पेश हुने गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **आर्थिक सहायता**

नेपाल सरकारले यस जिल्लामा गरिव घर परीवार पहिचान कार्यक्रम संचालन गरी गरिव घरपरिवार परिचयपत्र वितरण गरिसकेको अवस्था छ । पालिकाले रु ३०००। सम्मका आर्थिक सहायता नगर प्रमुखको तोक आदेशमा हुने र सो भन्दा बढीको सहायता कार्यापालिकाको निर्णयानुसार हुने जनाएको छ । यस वर्ष पालिकाले आर्थिक सहायता गत वर्षको समेत रु २८३७०००। वितरण गरेको छ । उक्त सहायता प्रदान गर्दा अति विपन्न, आर्थिक अवस्था कमजोर रहेको जस्ता सिफारिश पेश गरेको देखिन्छ । सरकारले पहिचान गरी वितरण गरेको गरिव घर धुरी परिचयपत्रलाई आधार प्रमाण लिई सहायता दिएको देखिदैन । यस्तो कार्यमा सुधार गरि आर्थिक सहायता प्रदान गर्दा सेवाग्राहीको गरिव घरपरिवार परिचयपत्रलाई प्रमाण लिई आर्थिक सहायता प्रदान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **सार्वजनिक सुनुवाई**

सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ को दफा ३० र सुशासन व्यवस्थापन तथा संचालन नियमावली, २०६५ को नियम १९ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने कार्यालयका प्रमुखले आफू वहाल रहेको कार्यालयको काम, कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ ।यस्तो सुनुवाई गर्दा विषयसँग सम्वन्धित विशेषज्ञ, सरोकारवाला, नगारिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारीलाई समेतको आमन्त्रण गरी प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनुपर्ने व्यवस्था छ । यस्तो सार्वजनिक सुनुवाई गर्दा कार्यालय प्रमुखले सुनुवाईको वहसलाई विषय केन्द्रित गराउन एकजना सार्वजनिक सुनुवाई सहजकर्ता (मोडोरेटर) नियुक्त गरी कार्यक्रम संचालन गर्नुपर्नेमा नेपाल पत्रकार महासंघ सर्लाहीलाई सम्पूर्ण कार्यको लागि सम्झौता गरी रु १७७३००। भुक्तानी गरेको छ । पालिकाले सूचना तथा संचारको लागि स्थानीय रेडियो तथा पत्रपत्रिकासँग वार्षिक सम्झौता गरी सन्देश प्रशारण गर्ने सम्झौता गरेको तथा मोडोरेटर नियुक्त गरी संचालन गर्न सक्ने अवस्थामा पालिकालाई बढि व्ययभार पारेको देखिन्छ । यस्तो कार्यमा सुधार गरी खर्च मितव्ययीता अपनाउनुपर्छ ।

सैद्धान्तिक बेरुजु

२० **अन्य निकाय खर्च**

नेपालको संविधान तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहलाई तथा प्रदेश सरकारले स्थानीय तहलाई समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान दिने व्यवस्था गरेको र प्रदेश वा स्थानीय तहले नेपाल सरकारका निकायलाई रकम उपलब्ध गराउने परिकल्पना गरेको छैन । नेपाल सरकारले सालवसाली विनियोजन ऐन एवं आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा अन्तर सरकारी अख्यारी सम्वन्धी व्यवस्था गरेको छ । अन्तर सरकारी अख्तियारी कार्यान्वियन गर्दा अख्तियारी दिने निकायको एकाइ कार्यालयको रुपमा आर्थिक कारोबार गर्नपर्ने, आफ्नो संचितकोषमा आम्दानी बाध्न नपाइने, प्रतिवेदनहरु अख्तियारी दिने निकायमा पठाउनु पर्ने, आन्तरिक लेखापरीक्षण अख्तियारी दिने सरकारको निकायले गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भौचर नं. ७१८-०८१।३।२१ बाट ना १ झ १५२९ नं. को सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेस हरिवनको गाडी मर्मतको लागि रु ५४८७७। खर्च लेखेको छ । त्यसैगरी, भौचर नं. ७५०-०८१।३।२२ बाट अस्थायी प्रहरी पोष्ट घरभाडाको लागि मासिक रु १३५००। को दरले रु १६२०००। खर्च लेखेको छ । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **पदाधिकारी थप बैठक भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ७ मा पदाधिकारी तथा सदस्यले प्रत्येक महिनामा बढिमा ३ वटा बैठक भत्ता पाउने व्यवस्था रहेको छ । सो वाहेक अन्य बैठक भत्ता प्राप्त गर्ने कानूनी व्यवस्था देखिदैन ।

पालिकाले यस वर्ष पदाधिकारी तथा सदस्यले सोका अतिरिक्त देहाय बमोजिम १२ वटा सम्म बढी बैठक भत्ता भुक्तानी गरेकोले कानुनमा भएको व्यवस्था विपरित भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| २१.१ | अन्जना शर्मा शिवाकोटी | २०,४०० |
| २१.२ | अर्जुन कुमार योञ्जन | २०,४०० |
| २१.३ | केशव थापा | १८,७०० |
| २१.४ | कोकीला नन्द उप्रेती | ११,९०० |
| २१.५ | गीता कुमारी राउत | १७,००० |
| २१.६ | चिनीमाया सिङ्तान | १८,७०० |
| २१.७ | टम बहादुर तामाङ | १७,००० |
| २१.८ | दीपमान लोप्चन | १७,००० |
| २१.९ | धनमाया कामी | १८,७०० |
| २१.१० | नागेन्द्र कुमार साह | १७,००० |
| २१.११ | निरध्वज कार्की | १८,७०० |
| २१.१२ | प्रज्वल ढुङ्गाना | १८,७०० |
| २१.१३ | मिरा मिक्चन घिसिङ | २०,४०० |
| २१.१४ | रमेश बुढाथोकी | २२,१०० |
| २१.१५ | राम सेवक चौधरी | ५,१०० |
| २१.१६ | विशाल साहशंकर | ६,८०० |
| २१.१७ | शम्भु प्रसाद मैनाली | ८,५०० |
| २१.१८ | शेष महबुव रेजा | १७,००० |
| २१.१९ | सन्तलाल घिसिङ | १५,३०० |
| २१.२० | सीमा विश्वकर्मा | १७,००० |
| २१.२१ | हरिमाया घलान | २२,१०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४८,५०० |

२२ **नगरविकास कोष तर्फको भवन निर्माण**

यस पालिकाले नगरविकास कोषबाट ऋृण लिई वडा नं. ११ को मुख्य बजारमा भवन निर्माण गरेको देखियो । २२ कठ्ठा जगामा अवस्थित उक्त भवन २ तलाभित्र १४८ वटा कोठा रहेका छन । नगरविकास कोषलाई वार्षिक ८ प्रतिशतका दरले २ पटक व्याज बुझाउने गरी सम्झौता भएकोमा यस वर्ष रु १४३६०८७३। भुक्तानी गरेको देखियो । रु ११९८२०२७०।८८ ऋृण लिएकोमा हाल उक्त ऋृण रु ८७३०५८३८।१९ रहेको विवरण पेश भएको छ । पालिकाले उक्त भवनलाई प्रयोगमा ल्याउन ठेक्का व्यवस्थापन गरेकोमा हालसम्म सम्झौता भएको देखियन । ६ पटकसम्म ठेक्का आव्हान गर्दा पनि ठेक्का व्यवस्थापन नभएको पालिकाले जनाएको छ । ठेक्का व्यवस्थापन हुन नसक्दा एकातर्फ वार्षिक व्याज रकम बुझाउनु पर्ने देखिन्छ भने अर्को तर्फ निर्मित भवन प्रयोग विहिन अवस्थामा रहेको देखिन्छ । पालिकाले यस विषयमा गम्भिर भई ठेक्का व्यवस्थापन हुननसक्नुको कारण पहिचान गरी यथासक्य चाडो ठेक्का

व्यवस्थापन गरी उक्त भवनलाई प्रयोगमा ल्याउनुपर्दछ । कानूनमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार संशोधन गरी भवनको ठेक्का व्यवस्थापन गरी आन्तरिक आय बढाउनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२३ **सहकारी संस्थालाई अनुदान** (७३०/२०८१-३-२१):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । सहकारी संस्थाहरु दर्ता हुदा निश्चित प्रतिशत मुनाफा गरी सेयर सदस्यहरुलाई नाफा वितरण गर्ने उद्देश्य रहेको हुन्छ । बचत परिचालन गरी मुनाफा लिने उद्देश्य लिएका संस्थाहरुलाई अनुदान दिने कार्यविधि पालिकाले तर्जुमा गरेको छैन । नाफामुलक संस्था कृषक उत्थान वहुउद्देश्यीय कृषि सहकारी संस्थालाई चालु तर्फबाट रु १० लाख तथा पूजिगत खर्च शिर्षकको भौचर नं. २७३ बाट रु ३०६२८०। सहित जम्मा रु १३०६२८०। भुक्तनी दिएको छ । उक्त रकमको पालिकाले सेयर हिस्सा प्राप्त गरी आर्थिक विवरणमा समावेश पनि नगरेको देखिएकोले शेयर हिस्सा प्राप्त गरी आर्थिक विवरणमा समावेश गर्नुपर्ने अन्यथा कार्यविधि वेगर नाफामुलक संस्थालाई दिएको भुक्तानी असुल हुनुपर्ने देखिएको रु

| प्रमाण पेश नगरेको | १३,०६,२८० |
|---|---|

२४ **आन्तरीक आम्दानी विश्लेशन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर,व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा गत तिन वर्षको असुलीको स्थिति निम्न छन।

| क्र.सं. | आम्दानी विवरण | २०७८/७९ रु. | २०७९/८० रु. | २०८०/८१ रु. |
|---|---|---|---|---|
| १ | व्यवसाय कर - १४६११ | १७,६५,९९०.०० | २०,५८,६३०.०० | २७,५७,३१६.८७ |
| २ | सम्पत्ति कर - ११३१३ | २६,९२,७४७.०३ | २६,६३,५८३.७७ | ४२,०५,३६३.५३ |
| ३ | अन्य कर - ११६९१ | २०,५२५.०० | १४,४३,३८५.०० | २५, ४४ , ३१४. ७३ |
| ४ | अन्य दस्तुर - १४२४९ | ६,०४,८००.०० | ११,२५,७४०.६० | ३,९६,९४४.०० |
| ५ | अन्य प्रशासनिक सेवा शुल्क - १४२२९ | १,०९,३५०.०० | ६९,२५०.०० | १८,०५०.०० |
| ६ | अन्य बिक्रीबाट प्राप्त रकम-१४२१३ | | ८०,०००.०० | |
| ७ | अन्य राजस्व -१४५२९ | ३०५ | ३६० | |
| ८ | अन्य सेवा शुल्क - १४२१९ | ८७,४४५.०० | १,०८,९४५.०० | ६२,५७५.०० |
| ९ | एकिकृत सम्पत्ती कर - ११३१३ | ५,४००.०० | २४,७६८.०० | ७,८२५.०० |
| १० | घर बहाल कर - ११३२१ | ३०,८१,३०४.८६ | ५६,८६,२३६.५४ | ४९,८५,१६७.०७ |
| ११ | नक्सापास दस्तुर - १४२४२ | ६,७०,११९.०० | ६,१९,६७२.६९ | १०,७४,६२८.६८ |
| १२ | न्यायिक दस्तुर - १४२२१ | ५३,६२०.०० | १३,३१०.०० | १०,१५५.०० |
| १३ | नाता प्रमाणित दस्तुर - १४२४५ | १,०४,५२०.०० | १,६५,७४०.०० | २,००,४२५.०० |
| १४ | प्रशासनिक दण्ड जरिवाना र जफत - १४३१२ | ९३,०८५.०० | ५,६५,२७२.०० | ५,४५,२५३.५० |
| १५ | परीक्षा शुल्क - १४२२४ | १,२४,२००.०० | १,९८,८००.०० | १,३०,२००.०० |
| १६ | ब्यक्तिगत घटन दर्ता दस्तुर - १४२४४ | ९,८००.०० | ४५० | २,०००.०० |
| १७ | ब्यक्तिगत सम्पतिमा लाग्ने कर ११३११ | १०५ | | |
| १८ | बेरुजु - १५१११ | ११,८०,६०५.०० | ५१,२३,०६९.८१ | ४,०९,०००.०० |
| १९ | बहाल बिरौटी कर - ११३२२ | २७,२२५.०० | ६१,३९६.५२ | १,६६,६५,८१७.०० |
| २० | बिमा दावी प्राप्ती - १४५११ | | २,११,११३.०० | |
| २१ | भुमि तथा मालपोत कर - ११३१४ | ४४,९६८.५२ | २१,७०७.६५ | २५,९३१.६३ |
| २२ | भाडा तथा बहाल बाट प्राप्त आय - १५११४ | ४,२०,०००.०० | ७१,८२०.०० | १,०००.०० |
| २३ | लागत सहभागिता - १५११२ | १०० | ४०५ | १६० |
| २४ | वित्तीय निकाय बाट प्राप्त लाभांश - १४१२१ | ४,३४०.०० | ५० | |
| २५ | विज्ञापन कर - ११४७२ | ३८,८७०.०० | | ५२,१६०.०० |
| २६ | विद्युत सेवा शुल्ल - १४२१८ | १,२६०.०० | ९४५ | ८०० |
| २७ | शिक्षा क्षेत्रको आम्दानी - १४२२३ | २५५ | १०५ | ७,०००.०० |
| २८ | संस्थागत सम्पत्तीमा लाग्ने कर - ११३१२ | ३७,५००.०० | ४०० | ४०० |
| २९ | सिफारिस दस्तुर - १४२४३ | २६,८७,८४१.५० | २७,९४,९७१.९४ | ३३,२५,५४३.७० |
| ३० | हाट बजार कर - १५११३ | ५५,८६,१८०.८० | ७०,९७,१४५.०० | |

| | | | |
|---|---|---|---|
| जम्मा | १,९४,५२,५११.७१ | ३,०२,०७,२७२.५२ | ३,७४,२८,०३०.७१ |

पालिकाले आ.व.२०७८।७९मा रु.१,९४,५२,५११।७१, आ.व.२०७९।८० मा बृद्धी भई रु. ३,०२,०७,२७२ ।५२ र आव.२०८०।८१ मा रु. ३,७४,२८,०३० ।७१ आन्तरिक आय प्राप्त गरेको छ।यसरी हर्दा हरेक वर्ष राजस्व बढ्दै गएको देखिन्छ। पालिकाले बढ्दो अवस्थामा रहेको आन्तरिक आयमा थप स्रोत पहिचान गरी बढाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२५ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर रु. २७,५७,३१६ ।८७ सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसले गर्दा व्यावसायी दर्ता तथा राजस्व लगतको अवस्था पुर्ण रुपमा यकिन हुन सकेन । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **मनोरञ्जन कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ ।आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन।यस नगरपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **काठ दाउरा विक्री गर्न सक्ने**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२क मा नगरपालिकाको आफ्नो सार्वजनिक क्षेत्रमा रहेको काठ दाउरा जराजुरी दहत्तर बहत्तर आदी वक्रि गर्न सक्ने व्यवस्था छ । नगर क्षेत्रको तयारी काठ तथा दाउराको कटानी, विक्रि वितरण र उपयोग सम्बन्धका केही नगरेकोले सो को कटानी तथा बिक्री वितरण योग्य काठ दाउरा एकिन गरी आय आर्जन बढाउन सकिन्छ।

सैद्धान्तिक बेरुजु

२८ **स्थानीय तथ्यांक**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ भन्ने व्यहोरा विगतको प्रतिवेदनमा उल्लेख भएतापनि स्थिती यथावत रहेको छ ।

सैद्धान्तिक बेरुजु

२९ **कानुन कार्यानवयन स्थिती**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमुना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, ६ वटा नियमावली, २३ कार्यविधि, आचार संहिता १ निर्देशिका ४ नीति १ मापदण्ड १ रणनीति १ लगायत

६१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।साथै पालिकाले ६१ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि कानुनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार जग्गा सम्वन्धी विवाद र मिटर व्याजीको विवादहरु ९ वटा गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी र यो बर्ष थप भएको १८३ गरी कुल १९२ विवाद दर्ता भएकोमा १७९ वटा मात्र फछ्र्यौट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **रकमान्तर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाको निर्णयवाट कुनै शीर्षकमा विनियोजित बजेटबाट पूंजिगत शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सकिने व्यवस्था छ। साथै लहान नगरपालिकाको विनियोजन ऐन, २०७९ को दफा २ मा कार्यपालिकाले एक शीर्षकबाट अर्को शीर्षकमा बढीमा १०% सम्म रकमान्तर गर्न सक्ने तर पुँजीगत तथा वित्तीय व्यवस्थाका लागि विनियोजित बजेटबाट चालु खर्चमा रकमान्तर गर्न नसकिने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न १०० शीर्षकबाट ३ करोड ६० लाख ७७ हजार ५०० घटाएको तथा ३ करोड ६० लाख ७७ हजार ५०० बजेट १३२ वटा थप गरिएको देखिन्छ। यसरी बजेट रकमान्तर गरिएको अंक सुरुवाती बजेटको तुलनामा ५ प्रतिशत हुने देखिन्छ। रकम थप गरिएका योजनाहरुमा कतिपय चालु प्रकृतिका खर्चहरु रहेको देखिन्छ। कानूनले तोकेको भन्दा बढी मात्रामा रकमान्तर गर्दा बजेट उपशीर्षकअनुसार खर्च नभएको तथा बजेट खर्च लेख्दा तोकीएको खर्च शीर्षकभन्दा अन्य खर्च शीर्षकबाट भुक्तानी लेखिएको देखिन्छ। वर्षान्तमा ठुलो मात्रामा रकमान्तर गर्दा आर्थिक अनुशासन कमजोर हुन सक्ने हुदाँ बजेट बनाउदा नै कार्यन्वयन योग्य योजनाको छनौट गरी सोही अनुसार बजेट खर्च लेख्ने तथा कानूनले तोकेअनुसार मात्र रकमान्तर गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **कारोवारको लेखाङ्कन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारिता र औचित्यता समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७९ को खर्च संकेत नम्बर २२३१४ मा सरकारी काममा प्रयोग हुने मट्टितेल ग्यास कोइला दाउरा सवारी साधन बाहेकको मेसिनरी औजारमा प्रयोग हुने इन्धन खर्च र प्रकारका ब्याट्रिसम्बन्धी खर्च समावेश गर्नु पर्ने उल्लेख छ। पालिके उक्त शीर्षकमा यस वर्ष रु ५०००००० विनियोजन गरी रु ३६४६३९० खर्च गरेको छ। नगरपालिकासँग संचालित १ ठुलो ट्रिपर, १ सानो ट्रिपर, १ एम्बुलेन्स, १ दमकल र १ जे सि वी रहेका छन। यस सम्बन्धमा देखिएका ब्यहोराहरु देहायबमोजिम छ।

ठुलो ट्रिपर : पालिकामा ना-१- ग- ८२६ नम्बरको ठुलो ट्रिपर संचालन हुदै आएको देखिन्छ। ठुलो ट्रिपर इन्धन लगबुक अनुसार यो आ.व. २०८०/८१ मा ४४३६ कि.मी. संचालनमा भएको, २३२४।३५ ली. डिजेल खर्च भएको, मर्मत खर्च ४१५ बमोजिको अभिलेख नभएको, सवारी चालक खर्च र पालिकाको भाडा दर रेट तोकिएको छ तर आम्दानी बाँधेको देखिदैन।यसरी पालिकाको आर्थिक ऐनमा नै व्यवस्था गरी ठुलो ट्रिपर बाट के कति आम्दानी तथा खर्च भयो सो को यकिन गर्दै लगत राख्नु पर्दछ।

सानो ट्रिपर: पालिकामा ना-५- ख- ९२२६ नम्बरको सानो ट्रिपर संचालन हुदै आएको देखिन्छ। सानो ट्रिपर इन्धन लगबुक अनुसार यो आ.व. २०८०/८१ मा ४८३१ कि.मी. संचालनमा भएको, ८९१ ली. डिजेल खर्च भएको, मर्मत खर्च ४१५ बमोजिको अभिलेख नराखेको, सवारी चालक खर्च र पालिकाको भाडा दर रेट तोकिएको छ तर आम्दानी बाँधेको देखिदैन।यसरी पालिकाको आर्थिक ऐनमा नै व्यवस्था गरी सानो ट्रिपर बाट के कति आम्दानी तथा खर्च भयो सो को यकिन गर्दै लगत राख्नु पर्दछ।

एम्बुलेन्स: पालिकामा ००१- झ - ०१९८ नम्बरको एम्बुलेन्स संचालन हुदै आएको देखिन्छ। एम्बुलेन्स इन्धन लगबुक अनुसार यो आ.व. २०८०/८१ मा ४४३६ कि.मी. संचालनमा भएको, २३२४.३५ ली. डिजेल खर्च भएको,मर्मत खर्च ४१५ बमोजिको अभिलेख नराखेको, सवारी चालक खर्च र पालिकाको भाडा दर रेट तोकिएको छ तर आम्दानी बाँधेको देखिदैन।यसरी पालिकाको आर्थिक ऐनमा नै व्यवस्था गरी सानो ट्रिपर बाट के कति आम्दानी तथा खर्च भयो सो को यकिन गर्दै लगत राख्नु पर्दछ।

दमकल: पालिकामा ना-१- ग- ७१६ नम्बरको सानो ट्रिपर संचालन हुदै आएको देखिन्छ। दमकल इन्धन लगबुक अनुसार यो आ.व. २०८०/८१ मा २८५२ कि.मी. संचालनमा भएको, ८२५.५ ली. डिजेल खर्च भएको,मर्मत खर्च ४१५ बमोजिको अभिलेख नराखेको, सवारी चालक खर्च र पालिकाको भाडा दर रेट तोकिएको छ तर आम्दानी बाँधेको देखिदैन।यसरी पालिकाको आर्थिक ऐनमा नै व्यवस्था गरी सानो ट्रिपर बाट के कति आम्दानी तथा खर्च भयो सो को यकिन गर्दै लगत राख्नु पर्दछ।

जे सि वी : पालिकामा प्र-०२- ००१ग- ००३४ नम्बरको जे सि वी संचालन हुदै आएको देखिन्छ। जे सि वी इन्धन लगबुक अनुसार यो आ.व. २०८०/८१ मा ९०९.१ धण्टा संचालनमा भएको, ६४८७.८९ ली. डिजेल खर्च भएको, मर्मत खर्च ४१५ बमोजिको अभिलेख नराखेको, सवारी चालक खर्च र पालाकाको भाडा दर रेट तोकिएको छ तर आम्दानी बाँधेको देखिदैन।यसरी पालिकाको आर्थिक ऐनमा नै व्यवस्था गरी जे सि वी बाट के कति आम्दानी तथा खर्च भयो सो को यकिन गर्दै लगत राख्नु पर्दछ।

आर्थिक ऐन, २०८० मा कार्यालयमा रहेका सामग्रीको दर तोकि संचालन गर्ने व्यवस्था गरिएकोमा टिपर,दमकल, जे सि वी, एम्बुलेन्सको दर तोकि संचालन गरिएको ती सामानहरु संचालन गर्दा log book भएतापनि संचालन योजना नबनाइएको, मर्मत, ईन्धन सम्बन्धी खर्चको व्यवस्थामा योजना नभएकोले उल्लिखित शीर्षकगत आम्दानी तथा खर्चको अभिलेख व्यवस्थित गर्नु पर्दछ।साथै सम्पत्ति कर को Data collection नभएको, तिर्ने र नतिर्ने विच विभेद नहुनु, वहाल करको अभिलेख नराखिएको, प्रदुषण नियन्त्रण शुल्कको पनि अभिलेख नभएको न्यायिक दस्तुरमा लिएको राजश्व दर्ताको विषय देखिएकोले राजश्व व्यवस्थापनलाई अभिलेख व्यवस्थित गरी स्पष्ट राजश्व सुधार कार्ययोजना बनाई आन्तरिक आयमा वृद्धि गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी तथा यस वर्षको बजेटमा मात्र समावेस गरि गत वर्षको भुक्तानी दिन बाँकी रु.१०२२०७८६। भुक्तानी दिएको छ। यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण

अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २२ जना वडा कार्यालयमा १३ र स्वास्थ्य तर्फ २८ गरी ६३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, अधिकृत सहित २५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३१ कर्मचारीको रु.२१४४९०००। र पालिकाका ८४ कर्मचारीको रु.२९९९६८२९।८४ समेत रु.५१४४५८२९।८४ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **राजश्व परामर्श समिति**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धी आवश्यक कानुनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक ४ पटक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन। अत:नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३७ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशुमा रु. १५०८९६८। तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. १३०६०००।, क्याम्पसलाई रु १०६२०००।, मानव सेवा आश्रमलाई रु १०८४८९२। गरी रु. ३७९१८६१। अनुदान खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **आन्तरिक आय तथा कर संकलन**

३८.१ **आय अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ४५०७३०००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु ३७४२८०३०।७१ अर्थात अनुमान भन्दा २० प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

३८.२ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २२५५४११७० | ३७४२८०३० | १६.५९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १६.५९ प्रतिशत मात्र रहेको छ । तसर्थ पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३८.३ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ। पालिकाले २०८० श्रावण मसान्त देखि मंसिर मसान्तसम्म सवै राजस्वलाई सुत्र प्रणालीमा आवद्ध गर्दा शिर्षकगत आम्दानी नदेखाई एकमुष्ट रुपमा रु २०४६२२५६।२४ आम्दानी गरेकोले शिर्षकगत अनुमान र आम्दानी तुलना गर्न सकिने अवस्था रहेन । कुल अनुमानको तुलनामा असुली न्यून देखिएको छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३५००००० | ४२१३१८८.५३ | १२०.३७ |
| घरजग्गा वहाल कर | ३५००००० | ४९८५१६७ | १४२.४३ |
| व्यवसाय कर | २५००००० | २७५७३१६.८७ | ११०.२९ |
| वहाल विरौटी शुल्क | १५०००००० | १६६६५८१७. | १११.१ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३९ **राजश्व अभिलेख**

नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा अनुसार वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म. ले. प. फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म. ले. प. फारम नं. २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन। अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

आ.व. २०८०/८१ को नगरसभाको बैठक २०८१ असोज १४ गते बसेको हुदा यो आ.व. को श्रावणदेखि असोज १४ गतेसम्मको राजस्व जम्मा रु. १२३६३२०५। अधिल्लो आर्थिक वर्षको दर रेट अनुसार संकलन गरेको देखियो । यसबाट वार्षिक रुपमा बृद्धि हुने कर

शीर्षकहरु बाट हुने आम्दानी कम हुन गई यस आर्थिक वर्षमा संकलन हुने राजस्व कम हुने देखिन्छ।अतः कानुन बमोजिम समयमा नगर सभा सम्पन्न गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४० **निरीक्षण नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा ह्रसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन। कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानुनी प्रकृया पुरा गरी समयमै दाखिला भएको पहिचान गर्ने गरी प्रकृयामा सुधार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४१ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले १५वटा ले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइयो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको २० वटा प्रतिवेदन भएता पनि लेखापरीक्षणका क्रममा पेश भएन ।दिएको विवरण अनुसार ३ वटा नगरपालिकामा दर्ता हुनु नविकरण २८ हुनु बचत तथा ऋण सहकारी १८ कृषि सहकारी २० बहुउद्देशिय उत्पादन सहकारी १२ छ । यति धेरै सहकारी हुदाँ पनि नगरपालिकामा सहकारी शाखा नहुनुले सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| क्र स | विवरण | संख्या | क्र स | विवरण | संख्या |
|---|---|---|---|---|---|
| १ | डिभिजन सहकारीबाट हस्तान्तरण | ५० | ७ | बचत तथा ऋण सहकारी | १८ |
| २ | न.पा.मा दर्ता भएका | ३ | ८ | कृषि सहकारी | २० |
| ३ | नविकरण भएका | २८ | ९ | बहुउद्देशिय सहकारी | २ |
| ४ | Audit भएका सहकारी संख्या | २० | १० | उत्पादक सहकारी | १० |
| ५ | समस्याग्रस्त सहकारी संख्या | ० | ११ | अन्य बहुमुखी सहकारी | ३ |
| ६ | COPOMIS मा आवद्धता | १५ | १२ | कुल सहकारी संख्या | ५३ |

सैद्धान्तिक बेरुजु

४२ **आन्तरिक आय ठेक्का**

पालिकाले २०८०।२।२७ मा १० वटा स्थानको लागि ठेक्का आव्हान गरेकोमा ३ वटा ठेक्का व्यवस्थापन भएको देखियो । यस सम्वन्धमा देखिएका थप व्यहोरा देहायनुसार छन ।

क) खसी बजारः मधेश प्रदेश आर्थिक ऐन, २०८० को दफा ८(१०) मा तोकिएको अवधिमा शुल्क नबुझाउने करदातालाई पहिलो ३ महिना ढिला भएमा १० प्रतिशत र सो अवधिमा पनि नबुझाएमा तिर्नु बुझाउनु पर्ने कर रकमको वार्षिक १५ प्रतिशतका दरले ब्याज समेत लगाई असुल गर्नुपर्ने उल्लेख छ । न्यूनतम कबोल अंक रु ६४७१०००। रहेकोमा कैलाश पर्वत निर्माण सेवा प्रा लि ले भ्याट वाहेक

रु ७२ लाखमा कबोल गरेको कारण निज फर्मलाई २०८०।४।१६ मा सम्झौता गरी २०८१।३।३१ सम्मको अन्तिम म्याद राखेको देखिन्छ । उक्त सम्झौतामा प्रमुख प्रशासकिय अधिकृतको हस्ताक्षर छैन भने भ्याट सहित रु ७८२३०७८। सम्झौता अंक रहने उल्लेख छ । कार्यसम्पादन जमानत रु ८१३६०००। उल्लेख गरेको भएतापनि लेखापरीक्षणको क्रममा पेश भएन । लेखापरीक्षण अवधिसम्म २२ पटक गरी जम्मा रु ५१२२०००। असुल भएको छ । सम्झौतामा प्रदेश आर्थिक ऐन बमोजिम जरिवाना लाग्ने व्यवस्था गरी सम्झौता भएको देखिदैन । उक्त ठेक्का व्यवस्थापन गर्दा निजले कवोल गरेको अंक भन्दा कम सम्झौता भएको देखिन्छ । कम सम्झौता गर्नुको कारण उल्लेख नगरेको भएतापनि लेखपरीक्षणको क्रममा सूचना माग गरि हेर्दा भ्याट वाहेकको रकम रु ७२ लाख कबोल गरेको देखिएकोले सम्झौता मूल्य भ्याट सहित रु ८१३६०००। नै हुने देखिन्छ । उक्त सम्झौता मूल्यको आधारमा कैलाश पर्वत निर्माण सेवाबाट रु ३०१४०००। असुल गर्न बाँकी रहेको छ भने प्रदेश आर्थिक ऐन बमोजिम लेखापरीक्षण अवधि २०८१।६।१३ सम्ममा १० प्रतिशत थपले हुने रु ३०१४००। सहित रु ३३१५४००। असुल गर्नुपर्ने देखिन्छ । सो ठेक्का सम्झौताबाट प्राप्त हुने मूल्य अभिवृद्धिकर रु ९३६०००। पालिकाले संघीय राजस्व खातामा ठेकेदारको तर्फबाट असुल गरी बुझाउनुपर्नेमा सो गरेको नदेखिएकोले सम्पूर्ण रकम असुल गरी मूल्य अभिवृद्धि कर दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।

ख) मीना बजारः यस बजारको ठेक्का व्यवस्थापन गर्न न्यूनतम कवोल अंक रु ३३२०५००। राखेकोमा ३ वटा विडर्सले भाग लिई सवैभन्दा बढी कवोल गर्नेले भ्याट वाहेक रु ४४२९९०२। मा सम्झौता गरेको देखिन्छ । उक्त सम्झौतामा सुरुवातमा बुझाउनेलाई १० प्रतिशत छुट दिने उल्लेख भएपनि पालिकाको आर्थिक ऐन, २०८० को दफा १६ मा कुनै पनि राजस्व छुटको व्यवस्था गरेको देखिदैन । उक्त सम्झौता गर्दा कार्यसम्पादन जमानत रु ५००५७९०। हुनुपर्नेमा सो राखि सम्झौता गरेको देखिदैन । पालिकाको आर्थिक ऐनमा राजस्व छुटको व्यवस्था नरहेकोले उक्त ठेक्का व्यवस्थापन कार्यको सम्झौता अंक भ्याट सहित रु ५००५७९०। हुने देखिन्छ । लेखापरीक्षण अवधिसम्म रु ३९८६९१९। मात्र असुल भएको देखिएकोले प्रदेश कानून बमोजिम बुझाउनुपर्ने बाँकी राजस्व अंक रु १०१८८७१। को १० प्रतिशत सहित रु ११२०७५८। असुल गर्नुपर्दछ । साथै पालिकाले भ्याट वापतको रकम असुल गरी संघीय राजस्वमा ठेकेदारको तर्फबाट जम्मा गर्नुपर्नेमा सो गरेको नदेखिएकोले भ्याट रकम दाखिला गरि प्रमाण पेश गर्नुपर्दछ ।

ग) होडिङ बोर्ड व्यवस्थापनः पालिकाले न्यूनतम कवोल अंक रु २८००००। राखि ठेक्का व्यवस्थापन भएकोमा ऋतिक मेडिया प्रा लिले रु २८५०००। सबैभन्दा बढी कबोल गरेकोमा सम्झौता भएको देखिएन । पालिकाले दोश्रो बढी कबोल गर्ने रुट्स एडभरटाइजिङ तिनकुने काठमाण्डौ र तेस्रो बढि कवोल गर्ने विनिश ट्रेड एण्ड सप्लार्यसलाई क्रमश ठेक्का सम्झौता गर्नुपर्नेमा सो भएको देखियन । यस आर्थिक वर्षमा उक्त होर्डिङ बोर्ड व्यवस्थापन ठेक्का सम्झौता नभएको देखिन्छ । पालिकाले ठेक्का सम्झौता नगर्ने उक्त ३ वटा फर्मको विड सेक्योरिटी वापत धरौटीमा राखेको रकम जफत गरी प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,७८,१५८ |

४३ **लखनदेही ठेक्का व्यवस्थापन**

पालिकाले लखनदेही खोलाको नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन सम्झौता भ्याट सहित रु १८९३४८४। मा साईसारा कन्स्ट्रक्सन प्रा लिसँग गरेको देखियो । ठेक्का अवधि २०८१।२।१ देखि २०८१।२।३१ सम्म राखेकोमा हालसम्म रु ९५००००। मात्र असुली भएको छ । बैक जमानत २०८१ कार्तिक २६ सम्म राखेको भएतापनि ठेक्का व्यवस्थापन सम्पन्न भएको ४ महिना व्यतित हुदासम्म बाँकी रकम उठाएको छैन । मधेश प्रदे आर्थिक ऐन, २०८० को अनुसूची ६ (दफा ८ सँग सम्वन्धीत) मा ढुङ्गा, गिटी, वालुवा, ग्रेवल र रोडा बिक्री एवम घाट गद्दी प्रति घनमिटर रु १५० देखि रु २०० सम्म रहेकोमा रु १५० को दरले तय गरेको छ । उक्त ऐनको दफा ८ मा करदाताबाट बुझाउनुपर्ने राजस्व रकम ढिला गरि बुझाएमा पहिलो ३ महिनाको १० प्रतिशत र सो अवधिमा पनि बुझाउन नसकेमा १५ प्रतिशत वार्षिक थप दस्तुर लिई असुल गर्नुपर्ने उल्लेख छ । उक्त ठेक्का व्यवस्थापनको लेखापरीक्षण अवधि २०८१।६।१३ सम्म रु ९५००००। बुझाउन बाँकी रहेको देखियो । प्रदेश आर्थिक ऐन बमोजिम सम्झौता मिति अन्त भएको ३ महिना समाप्त भएकोले १५ प्रतिशत थप सहित रु १०९२५००। असुल हुनुपर्दछ । साथै भ्याट वापत प्राप्त हुने रकम र प्रदेश कानून बमोजिम कर वाहेक सम्झौता रकमको ४० प्रतिशत रकम सम्वन्धित खातामा जम्मा गरेको प्रमाण पेश गर्नपर्दछ । लेखापरीक्षणको प्रतिवेदनको छलपश्चात रु ९५००००। असुल भएकोले बाँकी रहेको रु १४२५००। बेरुजु कायम गरिएको छ ।

| असुल गर्नुपर्ने | १,४२,५०० |
|---|---|

४४ **नियमित गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र ब्याख्याको खर्च संकेतमा भएको खर्च शिर्षक बमोजिम खर्च गर्नुपर्दछ । पालिकाले देहाय बमोजिम खर्च शिर्षक फरक पारी खर्च गरेको, कार्यक्रमको उद्देश्यमा वाहिर खर्च गरेको, कार्यविधि वेगर खर्च गरेको जस्ता व्यहोरा देखियो । कानुनमा भएको व्यवस्था विपरित देखिएको खर्च रकम नियमित हुनुपर्ने देखिएको रु

| भौचर नं. | विवरण | रकम रु |
|---|---|---|
| ७७४-०८१।३।२४ | स्वास्थ्य नीति तर्जुमा गर्न भावना पाण्डेलाई रु १८३७२८। भुक्तानी भएतापनि निजको TOR के हो सम्झौतामा उल्लेख गरेको छैन । कति कार्य अनुभव भएमा उक्त कार्य गर्न पाउने हो उल्लेख नगरी भुक्तानी गरेको छ । पालिकाले नीति तर्जुमा गर्दा कार्यानुभव आवश्यक रहे नरहेको सम्वन्धमा स्पष्ट भई भुक्तानी गरेको रकम नियमित हुनुपर्ने रु | १८३७२८ |
| ७७८-०८१।३।२४ | पर्यटन प्रवर्द्धन कार्यक्रमको लागि वडा नं. १ का वडा अध्यक्ष श्री टम वहादुर तामाङले उज्यालो अभियानसँग सम्झौता गरी रु १३४७००। भुक्तानी गरेको छ । उक्त सम्झौतापत्रमा पर्यटन प्रवर्धन कार्यक्रममा के गर्ने हो सो उल्लेख भएको छैन । कार्यविवरण नखुलाई भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु | १३४७०० |
| ८००-०८१।३।२४ | वडा नं. ८ बाट ४ युवा समुहलाई निजहरुको माग फारम तथा आवश्यकता पहिचान नगरी खेलकुद सामाग्री खरिद गरी वितरण गरेको नियमसम्मत नदेखिएको रु | १८२१६२ |
| ८२१-०८१।३।२४ | चतुर्भुजेश्वर जनता बहुमुखी क्याम्पसलाई वडा नं. ५ को सिफारिस बमोजिम छात्रबृत्ती रकम खर्च लेखेको भएतापनि यस्तो खर्च अन्य वडाबाट पनि भुक्तानी सिफारिस भएकोले दोहोरो परे नपरेको यकिन हुन सकेन । पालिकाले यकिन गरी नियमित हुनुपर्ने रु | १००००० |
| | जम्मा | ६००५९० |

| अनियमित भएको | ६,००,५९० |
|---|---|

४५ **अन्य निकायबाट कार्यक्रम संचालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्ना कर्मचारिबाट हुने देहायानुसारका कार्य कोटेशन माग गरी एकै प्रकारका कार्यहरु पनि फरक फरक संस्थासँग सम्झौता गरी खर्च लेखेको छ । यस्तो कार्य गराउदा सार्वजनिक खरिद कानून बमोजिम विभागीय नर्म्स, जिल्ला दररेट जस्ता आधारभुत विषयलाई आधार लिई लागत अनुमान तयार नगरी फर्मले पेश गरेको दररेटको आधारमा सम्झौता गरेको देखियो । पालिकाले कर्मचारीलाई नियमित तलव भत्ता भुक्तानी गर्ने र निजहरुले गर्नसक्ने कार्य बाह्य संस्थाबाट गराउदा मितव्ययी हुन सक्ने देखिदैन । अन्य संस्थाबाट कार्य गराउनुपर्ने कारण उल्लेख गरेको छैन । यस्तो कार्यमा सुधार गरी खर्च मितव्ययी बनाउनुपर्दछ । उल्लेखित खर्च मितव्ययी रहेको छ तथा विद्यमान नर्म्स बमोजिम रहेको छ भन्न सकिने आधार प्रमाण पेश नभएकोले नियमित हुनुपर्ने रु

| भौचर नं. | विवरण | रकम रु |
|---|---|---|
| ७१६-०८१।३।२० | सामाजिक संजाल तथा महिला सुरक्षा चुनौती कार्यक्रम समृद्ध नेपाल अभियानलाई भुक्तानी | १४९५०० |
| ७२४-०८१।३।२१ | ट्याकसुट सिलाउने तालिम संचालन वापत सिप तालिम केन्द्रलाई भुक्तानी | ३५०००० |
| ७२९-०८१।३।२१ | ब्युटिपार्लर तालिम न्यू कामना व्युटिपार्लरलाई भुक्तानी | २४९००० |
| ७४७-०८१।३।२२ | आशा फेन्सीलाई ब्युटिसियन तालिमवापतको भुक्तानी | ७५००० |
| ७५३-०८१।३।२२ | युथ गाइड एण्ड टेनिङ सेन्टरलाई कम्प्युटर तालिम भुक्तानी | ९९८९२ |
| ७५४-०८१।३।२२ | समृद्ध नेपाल महाअभियानलाई भुक्तानी | १४९३५० |
| ७७०-०८१।३।२२ | युथ गाइड एण्ड टेनिङ सेन्टरलाई वडाको सिफारिस बमोजिम तालिम कार्यक्रमको भुक्तानी | १४९००० |
| ६९४-०८१।३।१८ | स्कील नेपाल प्रालीलाई तालिम खर्च भुक्तानी | ३५०००० |
| | जम्मा | १५७१७४२ |

| अनियमित भएको | १५,७१,७४२ |
|---|---|

४६ **बजेट पास नभएको अवस्थाको सुविधा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु ७० करोड ८९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।६।१४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।६।१९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । यसरी बजेट तथा कार्यक्रम पास नगरेको समयको पालिका पदाधिकारीको सुविधा वापतको रु. २८१२५००।, नपा करार कर्मचारीहरुको पारिश्रमीक रु.३५३३९८०.६७।, ईन्धन खर्च रु.१६२७७८५। र आन्तरिक आय रु.१२३६३२०५.१८ गत वर्षको नै दरमा संकलन भएकोमा सोको आधार दैँखिदैन। पालिकाले बजेट पास नगरेको समयको आन्तरिक आय संकलन. सुविधा र खर्च नियमसम्मत मान्न सकिने आधार देखिएन। पालिकाले कानुन बमोजिम बजेट समयमा पास गरेरमात्र खर्च गर्ने गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४७ **बैठक भत्ता** (७४०-२०८१-३-२२):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१(१) मा पूर्व योग्यताको प्रस्ताव, बोलपत्र, परामर्श सेवाको आवश्कता मूल्यांकन गर्न सार्वजनिक निकायले मूल्यांकन समिति गठन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७(१) मा सार्वजनिक निकायमा कानून अधिकृतको दरवन्दी रहेको भए कानून अधिकृत १ समेत ५ जना मूल्यांकन समिति रहने र विषय विशेषज्ञता भएकालाई वैठकमा आमन्त्रण गर्न सक्ने व्यवस्था छ । पालिकामा कानून अधिकृत दरवन्दी रहेको देखिएन । मूल्यांकन समितिमा कानून अधिकृत समेत ५ जना रहनुपर्नेमा सो पद नभएको अवस्थामा पनि कार्यालयले मूल्यांकन समितिमा ५ जना सदस्य र ३ जना आमन्त्रित राखि १५ वटा वैठकमा रु. १५७५००। खर्च गरेको देखियो । अतः कानून अधिकृत नभएको अवस्थामा थप सदस्य राख्ने व्यवस्था नभएकोले १५ वटा वैठकमा रु. १५००। का दरले ४५ जना बढीको रु. ६७५०० । खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ६७,५०० |
|---|---|

४८ **सहमति भत्ता**

पालिकाले विषयगत समितिको कार्यसम्पादन वापत दिईने सुविधा सुचक सहितको कार्यविधि निर्माण गरेरमात्र दिनमिल्ने देखिन्छ । पालिकाको न्यायिक समितिले कार्यपालिकाको निर्णय बमोजिम सहमति भत्ताका रुपमा प्रति सदस्य र सहयोगी हजारका दरले दिने व्यवस्था गरी प्रगति सुचक सहितको कार्यविधि वेगर यस आर्थिक वर्षमा रु.७५१८००। भुक्तानी गरेको छ। पालिकाले सुचक सहित कार्यविधि निर्माण नगरी गरेको भुक्तानी नियम सम्मत देखियन।

| | |
|---|---|
| अनियमित भएको | ७,५१,८०० |

४९ **स्वकीय सचिवः**

मधेश प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ मा नगर प्रमुख तथा नगर उप प्रमुखले स्वकिय सचिव वापतको सुविधा पाउने उल्लेख छैन। साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले संघीय तथा प्रदेश कानूनसँग बाझिने गरी यस वर्ष नगर प्रमुखको स्वकिय सचिवको रुपमा एकबहादुर लामालाई मासिक रु ३२९०२ का दरले रु ४२७७२६ र नगर उप प्रमुखको स्वकिय सचिवको रुपमा गौतम महतोलाई रु ३२९०२ का दरले रु ४२७७२६ गरि रु.८५५४५२। भुक्तानी गरेको छ। यसरी कानूनमा व्यवस्था नभएको सुविधा वापत भुक्तानी भएको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,५५,४५२ |

५० **छात्रवृत्ती वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले श्री चतुर्भुजेश्वर जनता बहुमुखी क्याम्पस तथा नमुना विद्यालय महादेव जनातामा अध्ययनरत छात्रछात्रालाई वडा नं १, २ र ४ को सिफारिस बमोजिमको रु ४ लाख खर्च लेखेको देखियो । विपन्न तथा जेहेन्दार छात्रछात्रालाई दिएको उल्लेख भएतापनि वितरण भरपाईमा समिर विश्वकर्माको सहिछापमा कविर लेखि सहिछाप गरेको छ । सहिछापको हेर्दा एकै जनाले गरेको जस्तो देखिन्छ । भरपाईमा अभिवाकको नाम, मोबाइल नम्वर तथा ठेगाना खुलाएको देखिदैन । छात्रछात्राको नाम वडाध्यक्षले खेस्रामा सहिछाप गरी सिफारिस भएको छ । स्पष्ट पहिचान नभएको, प्राप्त गर्नेको अभिवाकको नाम ठेगाना नखुलेको तथा बुझेको भरपाई एकै प्रकृतीको रहेकोले पालकाले यकिन गरी नियमित हुनुपर्दछ । साथै यस्तो कार्यक्रमको खर्च वितरण गर्दा स्पष्ट छनौटका आधार तय गरी सम्वन्धीतको बैक खातामा जम्मा गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

५१ **सासापुर स्वास्थ्य चौकी अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले सासापुर स्वास्थ्य चौकी संचालन अनुदानको लागि रु १५ लाख बजेट विनियोजन भएकोमा १३ वटा भौचरबाट रु १४९६३१०। खर्च लेखेको छ । उक्त भौचरबाट भएका खर्च विवरणहरु परीक्षण गर्दा सामान खरिद तथा दाखिला भएपश्चातका खर्च विवरणहरु समावेश गरी शोधभर्ना लिएको देखिन्छ । खरिद गरेका एकै प्रकारका सामानको फरक फरक मूल्य देखिन्छ । खरिद आदेश र दाखिला भएको प्रमाण पेश भएतापनि खर्च/निकासीको विवरण संलग्न राखेको देखिएन । उक्त स्वास्थ्य संस्थाले औषधीजन्य सामान खाजा खाना, मसलन्द खर्च लगायतका विविध खर्चहरु समावेश भएको देखिन्छ । पालिकाले प्रयोजन खुलाई भुक्तानी दिएको छैन भने स्वास्थ्य संस्थाले अनुदान प्राप्तीको परिचालन खाका पेश गरेको छैन । बजेटको उद्वेश्य स्पष्ट नभएको, प्राप्त गर्ने संस्था गर्ने खर्चको स्पष्ट प्रयोजन खुलाई माग नभएको, खर्चको प्रकृती स्पष्ट नभएको तथा खरिद गरेका चालु प्रकृती तथा पुजिगत प्रकृतीका सामानहरुको प्राप्ती विद्यमान खरिद कानूनको परिपालना भएको देखिएन । पालिकाले अनुदान शिर्षकमा बजेट व्यवस्थापन गरी शोधभर्ना खर्च भुक्तानी दिने कार्यमा सुधार गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५२ **महिला बालवालिका शाखा तर्फको खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले योजना बनाउदा महिला वालवालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । उक्त योजनाले संबोधन गर्नपर्ने महिला विकास शाखाको लागि यस वर्ष रु १० लाख बजेट विनियोजन भएकोमा रु ९९९९९७। खर्च भएको देखिन्छ । ७ वटा गोश्वरा भौचरबाट खर्च लेखेको उक्त रकममा लैङ्गिक हिंसा विरुद्धको कार्यक्रम, नगरस्तरिय कविता प्रतियोगिता, अपाङ्ग दिवस, ब्ल्याङकेट वितरण, नारी दिवस, बाख्रा वितरण जस्ता कृषि शाखा तथा अन्य शाखाबाट हुने कार्य प्रकृती जस्तो देखिन्छ । लेखापरीक्षणको क्रममा भौचर परीक्षण गर्दा कृषि शाखा, पशु शाखा, उद्यमशिलता शाखा, शिक्षा शाखाले गरेको कार्य प्रकृतीसँग मिल्दो जुल्दो देखिन्छ । बजेट व्यवस्थापन गर्दा कानूनमा भएको व्यवस्था बमोजिम स्पष्ट कार्यक्रम तोकी व्यवस्थापन नभएको, कुल बजेटको सानो अंश मात्र विनियोजन भएको, महिला विकास कार्यक्रमको खाका तयार गरी स्विकृत नभएको र संचालित कार्यक्रमहरु दोहोरो पर्ने देखियो । विपतको समयमा वाड्ने ब्ल्याङकेट, शिक्षा शाखाबाट हुने कविता प्रतियोगिता, पशु शाखाबाट हुने बाख्रा वितरण जस्ता कार्यमा बजेट व्यवस्थापन गरेको देखिन्छ । पालिकाले बजेट व्यवस्थापन गर्दा स्पष्ट दोहोरो नपर्ने गरी बजेट व्यवस्थापन गर्नुपर्दछ । साथै, नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने निश्चित प्रतिशत बजेट ब्यवस्थापन हुनुपर्ने देखिन्छ । पालिकाले माथी उल्लेख भएका कार्यक्रम अन्तरशाखा सम्वन्धीत रहेको र समन्वय गरी कार्यान्वयन नगरेको देखिएकोले यकिन गरी बजेटको प्रभावकारीता सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५३ **नेपाल जलवायु अनुकुलन कार्यक्रम**

पालिकाले नेपाल जलवायु नमुना अनुकुलन कार्यक्रम तर्फ सशर्त अनुदान रु.१ करोड ५०दलाख बजेट विनियोजन भएकोमा रु.६१ लाख १७ हजार मात्र खर्च भएकोमा ४०.९७ प्रतिशत वित्तीय प्रगति भएको छ। यस वर्ष कार्यपालिकाको २०८१।१।२३ को निर्णय बमोजिम २७ वटा कार्यक्रम संचालन गर्नेगरी छनौट भएकोमा १४ वटा कार्यक्रम मात्र संचालन भएको छ। कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ को वुदाँ १२ को क र ख बमोजिम पहिलो र दोश्रो त्रैमासिकमा कार्ययोजना निर्माण, पालिकाले निर्णय र खरिद प्रकृया छनौट गरी कृषि तथा खाध सुरक्षा, वन, जैविक विविधता तथा जलाधार, जलस्रोत तथा उर्जा र विविध लगायतका कार्यक्रम गर्नेगरी सम्झौता गरी कार्यक्रम संचालन गरी सक्नुपर्नेमा २०८१।१।२३ मात्र निर्णय भएर कार्यान्वयनमा गएकाले सम्पुर्ण क्रियाकलाप संचालन भएको छैन। पालिकाले कार्यविधि बमोजिम सम्पुर्ण कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा ५३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

५४ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाखदेखि रु २० लाखसम्मको खरिद कार्य सिलबन्दी दरभाउपत्र र सोभन्दा बढीको बोलपत्रबाट गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत विभिन्न वडाहरुले सिसिटिभी क्यामेराको १० लाख भन्दा कम लागत अनुमान तयार गरी ३ वटा कोटेशन लिई फर्मले पेश गरेको मूल्यलाई नै आधार सोझै खरिद सम्झौता गरी भुक्तानीको लागि नगरपालिकामा पेश भएको देखिन्छ । पालिका भित्र हुने एकै प्रकारका खरिद कार्यलाई प्याकेजिङ गरी बोलपत्र आव्हान गर्नुपर्नेमा सो गरेको देखिएन । कानूनमा भएको व्यवस्था बमोजिम बढी प्रतिस्पर्धा हुनेगरी कामको प्रकृति अनुसार एउटै लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा उस्तै प्रकृतिका कार्यहरुलाई एउटै प्याकेज बनाई प्रतिस्पर्धा सुनिश्चितता हुने गरी कार्य भएको नदेखिएको रु

| भौचर नं./मिति | विवरण | रकम रु |
|---|---|---|
| २५७-०८१।३।१८ | सिसिटिभि खरिद तथा जडान वापत नाङसाल इन्फोटेकलाई भुक्तानी | ७६०००० |
| २५३-०८१।३।१८ | मयंक ट्रेडर्स सिसिटिभि खरिद तथा जडान | ७३३००० |
| १९-२०८०।११।९ | स्काइ कम्प्युटरलाई सिसिटिभि खरिद तथा जडान भुक्तानी | ५९८६६२ |
| | जम्मा | २०९१६६२ |

| | |
|---|---|
| अनियमित भएको | २०,९१,६६२ |

**५५ उपभोक्ता समिति**

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । पालिकाले उपभोक्ताको श्रमदान हुने गरी कार्य गराएको देखिएन । लेखापरीक्षणको क्रममा ५ लाख भन्दा बढी बजेट व्यवस्थापन भई उपभोक्ता समिति मार्फत गराएका नगरपालिका पुजिगत तर्फका ५७ योजनाको बिबरण अनुसार गत बिगत र यो वर्षमा शुरुवात भई ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, मस्जिद बनाउने, माटो पूर्ने लगायतका कार्यको लागि रु ४ करोड ७१ लाख ५८ हजारको लागत अनुमान स्वीकृत गरी ५७ वटा उपभोक्ता समितिहरुसंग सम्झौता गरेको देखियो । पालिकासँग उपभोक्ता समितिबाट कार्य गराएका योजनाहरुको विवरण माग भएतापनि लेखापरीक्षण पेश हुन सकेन । यस वर्ष सशर्त वाहेक नगरपालिका पुजिगत खर्च रु १२ करोड ९३लाख ६० हजार मध्ये ५ लाख भन्दा बढीका योजनाहरुको पुजिगत खर्चको ३६।४५ प्रतिशत अंश रहेको छ । परीक्षण गरेका भौचरमा उपभोक्ताको अंश हुने गरी लागत अनुमान तयार गरेको देखिएन । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७, ९७ क तथा उपभोक्ता समिति सम्वन्धी कार्यविधीको व्यवस्था अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु १ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्थाको पूर्ण पालन भएको देखिदैन । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

ख) **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकांशमा फोटाहरु संलग्न राख्ने गरेको देखिएन । केहि योजनाहरुमा सम्वन्धित वडाको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने नगरेको देखियो । उपभोक्ताबाट सम्पादित कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाले भुक्तानीको सिफारिस नगर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको एकिन हुन सक्ने देखिदैन। सबैजसो योजनाहरुमा अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

ग) **कामको नापजाच र हस्तान्तरणः** योजनाहरुको नापी कितावमा सवै प्राविधिक कर्मचारीको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी, उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो । उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्यांकन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । कार्यालयले सम्पूर्ण योजनाहरु अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको एकिन गर्न सकिएन । कार्यालयले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ ।

घ) **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । कार्यालयले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो । उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ । कामको प्रकृती, प्राविधिक विल, उपभोक्ता समितिबाट खर्च भएका विल विजकहरु पेश नभएका कारण प्रमाणहरु एक अर्कामा मेल खाने नखाने एकिन गर्न सकिने अवस्था रहेन। यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश लगाई योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ ।

ङ)**सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

च) बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सिक्ने अवस्था देखिएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा पर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

छ) **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गरेका निर्माण कार्यहरु मध्ये अधिकाशं निर्माण कार्य ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने कार्य लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७, ९७क तथा उपभोक्ता समिति सम्वन्धि अन्य कानुन बमोजिम उपभोक्ता समितिबाट कार्य गराउँदा कुल लागत रु १ करोडसम्म भएको र स्थानीय सीप, स्रोत साधन उपयोग हुने श्रममूलक आयोजना उपभोक्ता समितिबाट कार्य गराउन सकिने, जटिल प्रकृतिका र उपभोक्ता आफुले गर्न नसकिने कार्यहरु उपभोक्ता समितिबाट गराउन नहुने आदि

सम्बन्धी प्रावधानहरु रहेका छन् । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम काम भएको हो भनी आश्वस्त हुन नसिकएका उपभोक्ता समितिबाट सम्पादित योजनाहरुको विवरण अनुसूचीमा संलगन छ ।

**(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

५६ **प्राविधिक विल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा प्राविधिक विल संलग्न राखेको देखिएन । काम भएको विवरण ठेकेदार/निर्माण व्यवसायि/उपभोक्ता समितिको शोधभर्ना अनुरोध राखि भुक्तानी गरेको छ । देहायका भौचरबाट भएको कार्यको प्राविधिकबाट नापी गराई नापी किताव संलग्न राखि नियमित हुनुपर्ने देखिएको रु

| भौचर नं./मिति | विवरण | रकम रु |
|---|---|---|
| २८५-०८१।३। २२ | एस आर कन्ष्ट्रक्सनलाई दनुवारी नयाँ बाटो निर्माण वापत जेसिवी खर्च भुक्तानी गरेको भएतापनि प्राविधिक विजक संलग्न राखेको देखिएन । | ४९२२२ |
| ७२०-०८१।३। २१ | प्राविधिक विजक संलग्न नगरी डोजर संचालनको लागि आधारभुत विद्यालय पटौनालाई रु ९६४२१।, समृद्ध कृषि वन समूहलाई रु ८७२३७ सहित हरिवन कुशवाह कन्ष्ट्रक्सनलाई भुक्तानी भएको रु | २११५५९ |
| १५-२०८०।१०। २० | भोलेबाबा कन्ष्ट्रक्सनलाई प्राविधिक विल वेगर जेसिवि भाडा खर्च भुक्तानी | १५६५९२ |
| | जम्मा | ४१७३७३ |

| अनियमित भएको | ४,१७,३२३ |
|---|---|

५७ **अधुरो निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत विगतमा अधुरो रहेको कार्यको सम्पन्न गर्न लागत अनुमान तयार गरी कार्य गरेको छ । परीक्षण गरिएका भौचरमा पिसिसि गर्ने कार्य, माटो खन्ने पूर्ने कार्य, वाटो ढलान कार्य जस्ता आईटमहरु समावेश गरेको देखिन्छ । उक्त आइटमहरु तयार गर्दा विगतमा भएको कार्यको प्रमाण (लागत अनुमान/कार्यसम्पन्न) आधार संलग्न गरी तयार गरेको देखिएन । लेखापरीक्षणको समयमा विगतको भएको कामको विवरण माग गर्दा पेश हुन सकेन । गत विगतमा भएको कार्यको नापी विवरण तथा प्राविधिक अभिलेख संलग्न नराखी कार्य गराउदा दोहोरो हुनसक्ने देखिन्छ । भुक्तानी दिँदा दोहोरो नपर्ने गरी दिएको हो भन्न सकिने विश्वस्त आधार र प्रमाण संलग्न राखेको नदेखिएकोले देहाय बमोजिमका परीक्षण गरेका योजनाहरुको प्राविधिकबाट विगत वर्षमा भएको कार्य परिमाणको नापी तथा हाल भएको कार्यको लागत अनुमान तुलना गरी दोहोरो नपरेको यकिन गरी प्रमाण पेश हुनुपर्ने रु

| भौचर नं./मिति | विवरण | रकम रु |
|---|---|---|
| २१२-०८१।३।११ | अधुरो रहेको सडक ढलान उसलाई भुक्तानी | ७९८५०० |
| २१३-०८१।३।११ | अधुरो नाला निर्माण उसलाई भुक्तानी | १२४३५६ |
| ४१-०८०।१२।२५ | देवकोटाटोल अधुरो नाला निर्माण उसलाई भुक्तानी | २९०८९२ |
| | जम्मा | १२१३७४८ |

| प्रमाण पेश नगरेको | १२,१३,७४८ |
|---|---|

५८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फर्स्यौट गर्ने व्यवस्था रहेको छ। गत आर्थिक वर्षमा रु.९६१८४४०। र चालु आर्थिक वर्षमा विभिन्न निर्माण व्यवसायी, संस्था, पदाधिकारी र कर्मचारीलाई देहायबमोजिम

रु.१३४००००। पेश्की बाँकी रहेकोमा म्याद नाघेको पेश्की रु.१०००००। देखिन्छ। कानुन बमोजिम समयमा पेश्की फस्यौट गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | १,००,००० |

५९ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले कर संकलन न्याय सम्पादन अनलाइन सिफारिस योजना व्यवस्थापन अनलाइन कर प्रणाली लगायतका १० वटा सफ्टवेयर खरिद गरी रु. २९६९०४२। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सुचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखियन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६० **सशर्त शिक्षा तर्फः**

पालिकामा शिक्षा तर्फको सशर्त अनुदान कार्यान्वियन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ अनुसार शिक्षा तर्फको रु.१६ करोड १७ लाख बजेटका १३ कार्यक्रममा रु.१४ करोड ७३ लाख निकासा भुक्तानी गरेको देखिन्छ। यसमा १३ कार्यक्रम रहेकोमा १३ कार्यक्रम आंशिक संचालन भएको छ। तलव भत्ता, दिवा खाजा, निशुल्क पाठ्य पुस्तक वितरण, विधालय संचालन तथा व्यवस्थापन अनुदान विधालय शैक्षिक गुणस्तर नियन्त्रण, कार्य सम्पादनमा आधारित प्रोत्साहन, छात्रवृति, स्यानिटरी प्याड वितरण लगायतका कार्यक्रम संचालन भएकोमा पालिकाले विधार्थी सत्यापन, दिवा खाजामा हाजिरी प्रमाणित पेश नगरेको र शिक्षकको अभिलेख अध्यावधिक नगरी विधालयमा रकम निकासा गरेकाले यथार्थ खर्च यकिन गर्न सकियन। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न लिखित रहेका छन:

६०.१ १. **विद्यालयगत निकासा रजिष्ट्रर:** कार्यान्वियन पुस्तिकामा उल्लिखित कार्यक्रम कार्यान्वियन प्रकृया र प्रगति सुचक भिडान हुने गरी विद्यालयगत निकासा रजिष्ट्रर राखी निकासा नियन्त्रण गर्नु पर्दछ। पालिकाले सो निकासा रजिष्ट्रर प्रकृया र प्रगति सुचक पुर्ण अध्यावधिक गरेरमात्र खर्च लेख्नु पर्दछ।जसले विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकमबारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता पुर्ण अद्यावधिक गरी राख्नु पर्दछ।

२. **अनुगमनः** कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०।८१अनुसार सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन। पालिकाले कार्यान्वियन पुस्तिका अनुसार शैक्षिक अवस्था सुधारमा निकासा खर्च उपयोग भएको सुनिश्चितता हुने अनुगमन मापदण्ड तयार गरी कार्यान्वियन पर्दछ।

३. **शिक्षकको अभिलेखः**-कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८० को क्रियाकलाप १.१.३.३ र १.१.३.४मा पालिकाले तलव भत्ता अनुदान निकासा गर्दा पालना गर्नुपर्ने क्रियाकलाप उल्लेख गरेको छ। जसमा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढ्ुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले यस वर्ष तलव भत्ता तर्फ रु. १२३८०८९०८।माग फारमका आधारमा निकासा गरेकोमा अवकास, नियुक्ती लगायतको विवरण अध्यावधिक गरेको छैन। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०।८१ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण अध्यावधिक गरी सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार पालिकाले त्रैमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले पुस्तिकाको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पुर्णरुपमा अध्यावधिक नभएकाले विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको

तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन। पालिकाले सत्यापन प्रमाणित गरेरमात्र निकासा गर्नुपर्दछ।

४.**कक्षा ८ को परीक्षा संचालन शुल्क:** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ को क्रियाकलाप नं १५.१ मा कक्षा ८ को परीक्षा संचालन तथा प्रमाणिकरण एंवम् विधार्थी मुल्याङ्कनका गर्न पालिकाले कक्षा आठको परीक्षा संचालन तथा प्रमाणिकरण सम्बन्धी मापदण्ड, २०७६ बमोजिम ढाँचामा परीक्षाको ढाँचाको परिधिभित्र रही परीक्षाको स्तरीयता, प्रमाणिकरण र एकरुपता कायम हुने गरी परीक्षा संचालन गराउने व्यवस्था छ। साथै परीक्षा संचालन गर्दा संस्थागत विधालयबाट विधार्थीसँग प्रति विधार्थी न्युनतम रु.२७५का दरले शुल्क लिई अभिलेख व्यवस्थापन तथा विधार्थीलाई प्रमाणपत्र वितरण गर्ने व्यवस्था छ। पालिकाले यस वर्ष ४३४ जना विधार्थीवाट रु.३०० का दरले रु.१३०२००। संकलन गरेको छ। पालिकाले यकिन तथाङ्क संकलन गरी पुस्तिकाको व्यवस्था कार्यान्वियन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६०.२ **विद्यार्थी अनुपात**-स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भइ नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न २१ सामुदायिक विद्यालयको दरवन्दी र पदपूर्तीको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

पालिकामा २१ विद्यालयहरु संचालनमा रहेकोमा १८५ शिक्षक दरवन्दी रहेकोमा १८४ पदपुर्ती रहेकोमा ५८ करारमा पदपुर्ती रहेको देखियो। पालिकाले पेश गरेको IEMIS अभिलेख अनुसार कूल विद्यार्थी संख्या ६२३६ रही शिक्षक विद्यार्थी अनुपात १:११देखि १:७३ सम्म देखिएकोले तोकिएको मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात कायम हुनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६०.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

६०.३ **शैक्षिक गुणस्तर**- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। साथै यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ। सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्वियन गरी बिद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नेपर्ने ब्यवस्था छ। पालिकाले आ.व.२०८०।८१मा बिद्यालयको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन। पालिकाले आफनो अन्तर्गतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ। पालिका अन्तर्गतका विधालयहरुको २०८०को एस.ई.ई परीक्षामा जम्मा ९३७ विधार्थी सहभागि भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विधालयको तुलना देहाय बमोजिम रहेको छ।

| सि.न. | जिपिए | विधार्थी | उत्रिण विधार्थी संख्या | | उत्रिण | | उत्रिण प्रतिशत | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | सामुदायिक | संस्थागत | |
| **१** | **३.६१-४.००** | | २५ | ६ | ३३२ | २०० | १ | ७ | ४३% |
| **२** | **३.२१-३.६०** | | १७६ | ५० | | | ९ | ५० | |
| ३ | २.८-३.२ | | ११३ | ८७ | | | १५ | ३२ | |
| ४ | २.४-२.८ | | १२ | ५७ | | | १० | ३ | |
| ५ | २.०-२.४ | | ६ | ० | | | ० | २ | |
| ६ | NG | | २० | ३८२ | | | ६६ | ६ | |
| जम्मा | | ९३७ | ३५२ | ५८२ | | | ३४ | ९४ | |

तालिका अनुसार ३.६१-४.०० जिपिए ल्याउने विधार्थी सामुदायिक ६ जना र संस्थागत तर्फ २५ जना रहेका छन। साथै ३.२१-३.६० जिपिए ल्याउने विधार्थी मध्ये ९ जना सामुदायिक विधालयबाट र ५० संस्थागत विधालय उत्तिर्ण भएको देखिन्छ। यसरी सामुदायिक विधालयवाट ६६ प्रतिशत नन ग्रेडेड र संस्थागत तर्फ ६ प्रतिशत विधार्थी नन ग्रेड भएका देखिन्छन। यस मध्ये जनसेवा माविमा २८ जना विधार्थी सहभागी भएकोमा उत्रिर्ण भएको देखिएन। यसरी पालिकाले सामुदायिक विधालयको ३४ प्रतिशत मात्र रहेको पास प्रतिशत सुधार गरी गुणस्तर वृद्धी गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

६०.४ **खर्चको सुनिश्चितता**:-शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०को क्रियाकलाप नं.२.७.१३.११ मा सामुदायिक सिकाई केन्द्र सञ्चालन अनुदान बापत निकासा गरेको रकमबाट तोकिएको कार्यमा खर्च गरे/नगरेको सम्बन्धमा अध्ययन केन्द्रको वार्षिक प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लिनुपर्ने व्यवस्था छ। पालिकाबाट निकासा दिएको अनुदान रकमबाट तोकिएको कार्यक्रम सञ्चालन गरी खर्च गरेको तथा संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लिई खर्चको सुनिश्चितता हुने गरि पालिकाले नियमित अनुगमन गरी खर्च सुनिश्चितता गरी कार्यान्वयन गर्न रु.७५००००। निकासा गरेकाले कार्यक्रम कार्यान्वन पुस्तिका बमोजिम खर्चको यथार्थ अवस्थाको यकिन गर्ने वार्षिक प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लिई खर्चको सुनिश्चितता पालिकाले नगरेकाले खर्चको यथार्थता यकिन गर्न सकिएन। पालिकाले कार्यान्वयन पुस्तिका बमोजिम खर्चको सुनिश्चितता गर्नुपर्दछ।

| सि.न. | सामुदायिक सिकाई केन्द्रको नाम | रकम |
|---|---|---|
| १ | चतुर्भुजेश्वर सामुदायिक सिकाई केन्द्र | २५०००० |
| २ | श्री गृहणी शिक्षा मा.वि. | ५००००० |

सैद्धान्तिक बेरुजु

६०.५ **मदरसा खर्चः** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ को क्रियाकलाप नं.२.७.१३.११अनुसार वार्षिक साधारण सभा भएको, बजेट कार्यक्रम तथा खर्च पास तथा स्विकृत र लेखापरीक्षण प्रतिवेदन पेश गरेको आधारमा सामुदायीक परिचालकको पारिश्रमिकको लागि अनुदान निकासा उपलव्ध गराउने व्यवस्था रहेको छ। पालिकाले निम्न ६ मदरसालाई रु.१४४६०००। निकासा गरेकोमा कार्यान्वयन पुस्तिका अनुसारको माइन्यूट, लेखापरीक्षण प्रतिवेदन तथा पारिश्रमिक भुक्तानी भएको भरपाई पेश गर्नु पर्दछ। पालिकाले कार्यान्वयन

पुस्तिका र परम्परागत शिक्षण संस्था संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड-७९ बमोजिम नियमित अनुगमन समेत गरी कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६०.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

६०.६ **प्रति विधार्थी लागत:**पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१को प्रति विधार्थी लागत देहाय बमोजिम रहेको छ।

| बजेट | खर्च | विधार्थी संख्या | प्रति विधार्थी लागत |
|---|---|---|---|
| १९९२५५००० | १७७६२५००० | ६६८२ | २६५८२ |

पालिकाको सामुदायिक विधालय तर्फको प्रति विधार्थी लागत रु.२६५८२ रहेको छ। पालिकाले शैक्षिक गुणस्तर वृद्धी गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

६०.७ **१. छात्रवृत्ति:** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले सत्यापन प्रमाणित नगरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)-२०८० को तथ्याङ्क अनुसार २१ विद्यालयलाई प्रतिविद्यार्थी रु.४००।०० को दरले रु.१०४४४००। गैरआवासीय छात्रा र दलित छात्रवृत्ति अनुदान निकासा दिएकोमा लेखापरीक्षणको क्रममा विल भर्पाई परिक्षण गर्दा रु.१०१३८००। मात्र वितरण भएकोमा रु.२६२००। फिर्ता भएको र जनसेवा मावि घुर्कौलीको फिर्ता गर्न बाँकी देखिएकाले रु.४४००। असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम पालिकाको कार्यक्रम प्रभावकारिता सहितको अनुगमन गरी सत्यापन गरेर मात्र निकासा गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२.**छात्रवृत्ति:** शिक्षा नियमावली २०५९को नियम १५१ मा विधालयले प्रत्येक कक्षामा प्रथम र द्वितिय हुने विधार्थीलाई क्रमस सतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेनदार छात्रबृत्ति उपलव्ध गराउनुपर्ने व्यवस्था छ। संस्थागत विधालयले कुल विधार्थी संख्याको कम्तिमा दश प्रतिशत गरिव, जेहेनदार, अपाङ्ग, महिला, दलित र जनजाती विधार्थीलाई छात्रबृत्ति उपलव्ध गराउनुपर्ने र छात्रबृत्ति उपलव्ध गराउनु अघि विधालयले छात्रबृत्तिका लागि निवेदन दिन विधालयलाई सुचना प्रकाशन गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो व्यवस्था पालना भए नभएको अनुगमन गरी कार्यान्वियन गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था भएपनि अनुगमन गरेको छैन। पालिकाले नियमावलीको व्यवस्था पालनाको अनुगमन गर्नुपर्दछ।

| असुल गर्नुपर्ने | ४,४०० |
|---|---|

६०.८ **१. विद्यार्थी निर्वाह खर्चः** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८० को सि.नं. २.६ अनुसार शिक्षण सिकाई सामग्री तथा ल्याव असिस्टेन्ट, ल्याव सामाग्री र उपकरणको लागी कक्षा ९-१२ का विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.१५००० का दरले निकासा गर्ने र विद्यालयले विद्यार्थी निर्वाह खर्चका लागी व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी प्रति विद्यार्थी रु.१००० का दरले सम्वन्धित विद्यार्थीको बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ।माहादेव जनता मावि हरिवनलाई ९२जनाको रु.१५०००का दरले जम्मा रु.१३८००००। निकासा गरिएको छ। विद्यार्थी निर्वाह खर्चका लागी व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी सम्वन्धित विद्यार्थीको बैंक खातामा रु.१०००का दरले कक्षा १०का ३० जनाको रु.३०००का दरले रु.९००००।, कक्षा ११ का ९जनाको रु.३००० का दरले रु. २७००० र कक्षा १२का २३ जनाको रु.६०००। का दरले रु. १३८०००। मा गरी ६२ जना विद्यार्थीलाई रु.२५५०००।विधार्थीलाई बुझाएको भर्पाई पेश गरेपनि बैँक खातामा नै भुक्तानी गर्नुपर्ने भनि पुस्तिकाको व्यवस्था पालना गरेको छैन। व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीको बैंक खातामा नै रकम जम्मा गरी पुस्तिका बमोजिमको कामको पालना गरेको गरेर मात्र निर्वाहा खर्च भुक्तानी गर्नुपर्दछ।

२. **आवासिय छात्रवृत्तिः** मानव विकास श्रोत केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०को क्रियाकलाप नं.७.२.१.१ अनुसार विद्यालयमा आउन जान नसक्ने एवम अध्ययनका लागी डेरा गरि वस्ने वा विद्यालयले व्यवस्था गरेको आवासमा वस्ने अपाङ्गता भएका बालबालिकाको लागी प्रति विद्यार्थी प्रति महिना रु.४००० का दरले १० महिनाको जम्मा रु.४०००० विद्यालयलाई अनुदान दिने र विद्यालयले छात्रावासमा वस्ने छात्रछात्रालाई व्यक्तिगत सरसफाईको लागी आवश्यक पर्ने सामाग्री खरिदको लागी मासिक रु.५०० का दरले १० महिनाको रु.५००० नगदै अनिवार्य बुझाउनुपर्ने व्यवस्था छ।पालिकाले विभिन्न विधालयलाई बहिरा आवासिय छात्रवृत्ति १४ जनाको रु.४००००। का दरले रु. ५६००००।-निकासा गरिएको छ। छात्रावासमा बस्ने १४ छात्रछात्रालाई व्यक्तिगत सरसफाईको लागी आवश्यक पर्ने सामाग्री खरिदको लागी मासिक रु.५०० नगदै बुझाई पुस्तिकाको पालना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| **विधालयको नाम** | **जम्मा विधार्थी** | **निकासा रकम** | **मासिक** | **विधार्थीलाई बुझाएको रकम** |
|---|---|---|---|---|
| चतुर्भुजेश्वर जनता मावि | १४ | ४०००० | ५००० | ७०००० |

पालिकाले यस वर्ष अपाङ्ग र अन्य छात्राका लागि छात्रवास उपलव्ध गराउँदा अपाङ्गता भएका विधालय आउन नसक्नेका अतिरिक्त सिमान्तकृत समुदाय लगायत अभिभावक विहिन, अनाथ बालिका तथा अति विपन्न छात्रालाई छनौट गरी छात्रबासमा बसी अध्ययन गर्ने व्यवस्था गर्नुपर्दछ। पालिकाले स्पष्ट मापदण्ड निर्माण गरी निर्देशिका बमोजिम विधालयले विधार्थीलाई वितरण गरेको भर्पाई र समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गरी बास्तविक लाभग्राहीले सेवा पाएको सुनिश्चितता गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

६०.९ **अनुगमनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा भालिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्नेस्ता खडा गर्नुपर्ने छ। कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८० अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा विज्ञान प्रयोगशाला, विधालय भवन निर्माण, प्रोत्साहन अनुदान र एकमुष्ट अनुदान लगायतका कार्य गर्न विद्यालयलाई निकासा दिन सकिने व्यवस्था छ। यस वर्ष विद्यालयहरुले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार प्राप्त रकमबाट खरिद गरिएका मालसामानहरुको उपयोगको स्थिति, मालसामान दाखिला, प्रोत्साहन अनुगमन र लगायतको कार्य यकिन गरी अनुगमन गरी पालिकाले खर्च यथार्थ भएको नभएको विश्सस्त हुनुपर्ने देखिन्छ।

| **सि.न** | **भुक्तानी पाउनेको नाम** | **भुक्तानी** | **कार्य** | **व्यहोरा** |
|---|---|---|---|---|
| १. | श्री महादेव जनता माध्यमिक विद्यालय | २००००० | पोत्साहन अनुदान | कार्य प्रभावकारिताको अनुगमन |
| २. | श्री चतुर्भुजेश्वर जनता माध्यामिक विधालय | ६५०००० | विज्ञान प्रयोगशाला | जिन्सी दाखिला, गुणस्तर परीक्षण |
| ३ | श्री महादेव जनता माध्यमिक विद्यालय | ६५०००० | पुस्तकालय | |
| | | २५०००० | पढ्दै कमाउँदै | |
| | जम्मा | १७५०००० | | |

सैद्धान्तिक बेरुजु

६०.१० **१. कार्यसम्पन्न प्रतिवेदनः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहित कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्वीकृत बजेट अनुसार महादेव जनता मा विद्यालयलाई नमुना विधालय शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वियन गर्न रु.४५०००००। अनुदान दिएको देखियो । उक्त अनुदान रकमबाट तोकिएको कार्य भए नभएको अनुगमन गरी गराई तोकिएको कार्य सम्पन्न भएको देखिने अनुगमन प्रतिवेदन तयार गरेर मात्र खर्च निकासा गर्नुपर्ने देखिन्छ। पालिकाले कार्यक्रम संचालन पुस्तिका बमोजिम कार्य संचालन गरी कार्य सुनिश्चित गर्नुपर्दछ।

२.**नमुना विद्यालयलाई शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदानः** नगरपालिका र जनता मावि गडहरिया डुमरिया बीच नमुना विद्यालय संचालन तथा व्यवस्थापनका लागी विभिन्न वुदाँ उल्लेख गरि सोहि अनुसार कार्य गर्ने गरि सम्झौता गरेर मात्र विधालयलाई रकम निकासा गर्नुपर्नेमा पालिकाले सम्झौता बिना विद्यालयलाई रु.४५ लाख निकासा दिएको छ।विधालयले सम्पादन गरेका कार्य सम्झौता अनुसारका क्रियाकलापमा मात्र गर्नुपर्नेमा के कस्ता कार्यमा काम गरेको अनुगमन गरी प्रतिवेदन गरेको छैन। विद्यालयले पालिकासँग सम्झौता विना यस वर्ष डेक्स बेन्च र फर्निचर्स खरिद तर्फ रु. १८३८०९७। डिजिटल क्यामरा,CCTV, कम्प्युटर, प्रिन्टर्स लगायतका रु. १०२६३२२।को गुणस्तर परीक्षण नगरेको, अतिरिक्त क्रियाकलाप रु.१४४९६९।प्रअ र शिक्षक प्रोत्साहन रु.२०००००। र आन्तरिक स्रोतका शिक्षकलाई तलव रु.१४९०६१२। खर्च गरेको छ। पालिकाले सम्झौता गरी सम्झौता अनुसार कार्य गरे नगरेको अनुगमन गरी विद्यार्थीहरुको शैक्षिकस्तरमा सुधार आउने किसिमका कार्यक्रममा लगानी गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्नेमा ध्यान नदिएकाले खर्चको यथार्थता यकिन गर्न सकिएन। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकाको प्रभावकारी कार्यान्वयन गरेरमात्र कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

६०.११ **स्यानेटरी प्याडः** स्यानेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानेटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानेटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले यस वर्ष ७ विधालयलाई स्यानेटरी प्याड व्यवस्थापन गर्न रु.२१४४००। निकासा गरेको विवरण पेश गरेको छ। पालिकाले छात्राहरुको यकिन तथ्याङ्क अध्यावधिक नगरी विगतका स्यानेटरी प्याडको अवस्था र उपभोगको स्थितिको समेत यकिन गरेको छैन। विधालयले स्यानेटरी प्याडको अवस्था, स्यानेटरी व्यवस्थापनका कार्यमा भएका कार्यको अनुगमन प्रतिवेदन स्थानीय तहमा पठाउनु पर्नेमा पठाएको छैन। खरिद गरी वितरण गरिएका प्याडहरु सम्बन्धित छात्राहरुले पाए नपाएको तथा सहि प्रयोग गरेको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन नगरेकोले प्याड सदुपयोग र उपलब्धताको सुनिश्चितताको लागि पालिकाबाट उपप्रमुख रहेको अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ। पालिकाले गत वर्ष र यस वर्ष खरिद भएका स्यानेटरी प्याडको संख्या र अवस्था पहिचान गरी पालिकाबाट उपप्रमुख रहेको अनुगमन समितिले अनुगमन गरी मौज्दात र प्रयोगको अवस्था पहिचान गरी बढी वितरण भएका स्यानिटरी प्याडको प्रभावकारी उपयोग गर्ने अवस्था सिर्जना गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६०.११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

६१ **विधालय संचालन, लेखापरीक्षण, बुक कर्नर र विधालय सुधार योजना**

यस वर्ष वुक कर्नर र प्रति विधार्थी लागतमा रु.१०९६५००।, विधालय सुधार योजनामा रु.३४५०००।, लेखापरीक्षण खर्च वापत रु.२४००००। र विधालय संचालन तथा व्यवस्थापन अनुदानमा रु. ७१२०००। निकासा भएकोमा देखिएका व्यहोरा निम्न रहेका छन:

६१.१ **वुक कर्नर र प्रति विधार्थी लागत:** कार्यक्रम कार्यान्वयन पुस्तिका-२०८० को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा १-५ सम्म प्रति विद्यार्थी रु १५०, ६-१० सम्म रु.२०० र ११-१२सम्म प्रति विध्यार्थि रु.२५० का दरले वुक कर्नर दिन सक्ने र सो रकमवाट विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम रकमको परिधि भित्र रहेर विद्यालय सुधार योजना कार्यान्वयन शैक्षिक सामाग्री व्यवस्थापन, मरमत संभार, सोलार, ल्याव, फर्निचर जस्ता विषयमा खर्च गर्न सक्ने व्यवस्था छ। दफा २.२ मा शिक्षण सिकाई सामाग्री डिजिटल सिकाई सामाग्रीका लागि प्रति विध्यार्थी रु.५०० अनुदान दिने व्यवस्था छ। पालिकाले देहाय वमोजिम २१ विद्यालयलाई रु. १०९६५००। निकासा गर्नुपर्नेमा रु.११४८००० निकासा गरेकोले बढी निकासा भएको रु.५१७५०।मध्ये रु. ४४४००।असुल भई मोहनपुर प्राविबाट रु.७३५० असुल गर्न बाँकी देखिएकाले फिर्ता गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने देखिन्छ। उक्त रकम पुस्तिकाले तोके बमोजिम क्रियाकलाप तथा सामाग्रीमा मात्र खर्च गर्ने तर्फ पालिका र विधालयले ध्यान दिई रु. ७३५०। असुल उपर गर्न बाँकी देखिएकाले असुल उपर गर्नुपर्ने रु.७३५०

| असुल गर्नुपर्ने | ७,३५० |
|---|---|

६१.२ **विद्यालय सुधार योजनाः** कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०।८१को क्रियाकलाप नं. २.७.१३.१० अनुसार विद्यालय सुधार योजनाको लागी आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१५,०००.०० र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.२०,०००.०० का दरले निकासा दिन सकिने व्यवस्था छ। पालिकाले २१ विद्यालयलाई विद्यालय सुधार योजना तयार गर्नको लागि रु.३४५०००। निकासा भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा ३ विद्यालयको रु.६००००।सुधार योजना पेश भएको छैन। कार्यान्वियन पुस्तिका अनुसार विद्यालय सुधार योजना पेश गर्नुपर्दछ।

| सि.न | विद्यालयको नाम | एस आई पि |
|---|---|---|
| १ | जनजागृति मावि | २०००० |
| 2 | रामअवतार मावि | २०००० |
| 3 | जनसेवा मावि | २०००० |
| | जम्मा | ६०००० |

| प्रमाण पेश नगरेको | ६०,००० |
|---|---|

६१.३ **लेखापरीक्षण खर्चः**कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार सामाजिक तथा आर्थिक लेखापरीक्षण,विद्यार्थी परिचयपत्र व्यवस्थापन, विद्यालय तथ्यांक व्यवस्थापन, बुलेटिन प्रकासन र लगायत क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदानको रुपमा आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१०,०००.०० र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.१५,०००.०० का दरले र निकासा दिन सकिने व्यवस्था छ। पालिकाले २१ विद्यालयलाई सो कार्यको लागि रु.२४००००।निकासा भुक्तानी गरेकोमा जनजाग्रिती प्रावि हरिवन ७ को रु.१००००। भुक्तानी भएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सोको प्रतिवेदन पेश भएको छैन। कार्यान्वियन पुस्तिकामा उल्लिखित अनुसारको सामाजिक र आर्थिक लेखा प्रतिवेदन पेश गर्नुपर्दछ।

| प्रमाण पेश नगरेको | १०,००० |
|---|---|

६१.४ **विधालय संचालन तथा व्यवस्थापन:** कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार मसलन्द र ईन्टरनेट जडान लगायत क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदानको रुपमा आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१५०००।, माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.२५०००। र उच्च माध्यमिक विधालयलाई रु.३००००।का दरले र ईन्टरनेट वापत रु.१२०००। निकासा दिन सकिने व्यवस्था छ। पालिकाले २१ विद्यालयलाई सो कार्यको लागि मसलन्द रु.४०००००। र ईन्टरनेट जडान वापत रु.३१२०००। गरी रु.७१२०००।-निकासा भुक्तानी गरेकोमा सोको विल भर्पाई पेश गरेपनि कार्यान्वियन पुस्तिकामा बमोजिम कार्यक्रम संचालन भए नभएको यकिन गरेर मात्र निकासा गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

६२ **निशुल्क पाठ्यपुस्तक:-**

कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०।०८१को क्रियाकलाप नं.२.४.६.१ मा विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। पालिकाले पाठ्य पुस्तकबापत पहिलो किस्तामा ७५ प्रतिशत र दोश्रो किस्तामा वितरण भर्पाई, हाजिरी प्रमाणित र अनुगमन गरी सत्यापन प्रमाणित गरी थप किस्ता १०० प्रतिशत सम्म निकासा गर्न सकिने व्यवस्था रहेको छ। पालिका अन्तर्गतका २१ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको पहिलो किस्तामा ७५ प्रतिशत

रकम अर्थात रु.३०२६२२२।चैत्र महिनामा निकासा गरेको पाइयो। उक्त ७५ प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन समेत नगरी असार महिनामा थप रु.११२८३००। निकासा सहित जम्मा रु.४१५४५३०।अनुदान निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था देखिएन। यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु.३०२६२२२। पहिलो किस्तामा ७५ प्रतिशत निकासा दिएकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको समेत यकिन नगरी थप पाठ्यपुस्तक वापत रु.११२८३००। निकासा भएको देखिन्छ। पालिकाले नयाँ शैक्षिक सत्रमा भएको भर्नाको विवरण, पाठ्य पुस्तक खरिद र वितरणको विवरण, निकाशामा सत्यापन प्रमाणित, विधालयको वितरण भर्पाई, बैशाख/जेठ महिनाको हाजिरी, निशुल्क पाठ्यपुस्तक अनुदानको एकिकृत अभिलेख तयार गरेर प्रमाणित र अभिलेखिकरण गर्नुपर्नेमा गरेको देखिएन। साथै **पाठ्यपुस्तक अनुदानमा नयाँ पाठ्यपुस्तक खरिद नगरेमा, पुराना पाठ्य पुस्तक प्रयोग गरी अनुदान अन्य शिर्षकमा खर्च, स्विकृत पाठ्य सामाग्री बाहेक खरिद गरेमा, अनुमति प्राप्त संस्था बाहेक छपाई गरेको पाठ्यपुस्तक खरिद गरेमा कानुन बमोजिम कारबाही गर्ने उल्लेख छ। साथै एकिकृत तथयाङ्क शिक्षा अधिकृतबाट प्रमाणित** गरी सोही आधारमा पाठ्यपुस्तक एकिन गर्नुपर्नेमा यकिन गरेको छैन। स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्नेमा गरेको छैन।यसले पाठ्यपुस्तको निकासा यथार्थ भएको मान्न सक्ने अवस्था रहेन। पालिकाले थप निकासा भएको रकम रु.को सत्यापन प्रमाणित, हाजिरी र अनुगमन गरी विधार्थीले यथार्थ पाए नपाएको यकिन नगरेकाले खर्च यथार्थ छ भन्ने अवस्था रहेन। पालिकाले निर्देशिखाको व्यवस्था पालना गरेर मात्र पाठ्य पुस्तक बापत निकासा गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

६२.१ **छुट पाठ्यपुस्तकः** शिक्षा सशर्त अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारबाट सम्बन्धित आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ। कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१को कृयाकलाप नं २.४.६.१ अनुसार आई.ई.एम.आई.एस. मा प्रविष्ट विद्यार्थी संख्यालाई यथार्थ संख्यासंग सात्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सत्यापित विवरणको आधारमा कक्षागत र विषयगत पाठ्यपुस्तक संख्या यकिन गरेरमात्र अनुदान रकम निकासा गर्नुपर्दछ। गत वर्षको आई.ई.एम.आई.एस.को आधारमा तेश्रो त्रैमासिक भित्र ७५प्रतिशत रकम निकासा दिनुपर्ने र नयाँ आई.ई.एम.आई.एस. प्राप्त भएपछि विद्यार्थी संख्या यकिन गरी विद्यालयले पुस्तक खरिद गरेको विल भरपाई, सत्यापन प्रमाणित यकिन गरेर मात्र तथ्याङ्क भिडान गरी थप पाठ्यपुस्तकको रकम निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले २०८०।१२।२८ मा ७५ प्रतिशत पाठ्यपुस्तक अनुदान बापत रु.३०२६२२२/-विद्यालयलाई निकासा दिएकोमा पुनःभौ.नं.१६९-२०८१।३।५ बाट थप पाठ्यपुस्तक बापत रु.११४१३६०/-समेत निकासा पठाएको छ । पालिकाले यथार्थ विद्यार्थी संख्या सत्यापन, हाजिरी प्रमाणित, अनुगमन बेगर थप रकम शैक्षिक सत्र २०८०को अद्यावधिक आई.ई.एम.आई.एस. र विलका आधारमा मात्र निकासा गरेकोले तपसिलको विद्यालयलाई थप निकासा दिई खर्च गरेको सम्बन्धमा नयाँ आई.ई.एम.आई.एस..बाट विद्यार्थी संख्या भिडान गरि सत्यापन प्रमाणित, विधार्थी हाजिरी र पालिकाले अनुगमन गरी निकास बढी भए नभएको यकिन गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,४१,३६० |

६२.२ **पाठ्यपुस्तक अनुदान बढी भुक्तानी:** कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०।८१ को को क्रियाकलाप नं.२.४.६.१ मा तोकिए बमोजिम निकासा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले सत्यापन प्रमाणित बेगर विद्यालयलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)को २०८० को तथ्याङ्कको आधारमा पाठ्यपुस्तक अनुदान निकासा भुक्तानी देखियो। पालिकाबाटIEMIS का आधारमा **सत्यापन, वितरण भर्पाई र हाजिरी प्रमाणित नगरी पाठ्यपुस्तक वापत निकासा गरीएका निम्न विधालयको यस वर्ष हाजिरी परीक्षण गर्दा** बढी निकासा भएको देखिएको रु.२५०३४१ सहित अन्य विधालयको समेत सत्यापन गरी बढी भुक्तानी भएको/नभएको समेत पहिचान गरी असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६२.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५०,३४१ |

६३ **दिवा खाजा:**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ को क्रियाकलाप नं.२.७.११.१ अनुसार IEMIS र सत्यापनमा भएको प्रारम्भिक वालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिक वजेट निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिकदेखि विद्यालय पूरा समय चलेको दिन सत्यापन प्रमाणित, विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण र हाजिर प्रमाणित गराई पालिकामा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले दिवा खाजा मापदण्डलाई प्रभावकारी बनाई कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। यस वर्ष निकासा भएको रु.७४५७९२२। मध्ये नमुना छनौट गरी परिक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन।

६३.१ **कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना अवस्था:** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप सि.नं.२.७.११.१ आधारमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ को मापदण्ड अनुसार हुने गरी विद्यालयले दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गरी अनुगमन समेत गर्नु पर्दछ। पालिकामा रहेका २१ विद्यालयलाई दिवा खाजामा यस वर्ष रु.७४५७९२२। निकासा गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१को क्रियाकलाप सि.नं.२.७.११.१ र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६को मापदण्ड अनुसार हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। कार्यक्रम कार्यान्वयन पुस्तिका र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका अनुसार विद्यार्थीलाई विद्यालयमा दिवा खाजा खुवाउने कार्यक्रम कार्यान्वयन गरी पालिकाले नियमित अनुगमन गर्नु पर्नेमा गरेको देखिएन।पालिकाले सत्यापन प्रमाणित, विधालय व्यवस्थापन समितिबाट प्रमाणित र हाजिरी प्रमाणित गरेर मात्र भुक्तानी गर्नुपर्नेमा गरेको छैन। पालिकाको केही विधालयको हाजिरी माग गरी परिक्षण गर्दा यस वर्ष रु.७४५७९२२। निकासा भएकोमा रु. खर्च भई बाँकी रहेको रु.३१६३७३। मध्ये आन्तरिक लेखापरीक्षण प्रतिवेदनका पछी रु.३१२००८। असुल भई प्रावि मोहनपुरको रु.४३६५। असुल गर्न बाँकी रहेको छ। पालिकाले निम्न विधालयलाई संख्यात्मक विवरण मात्र प्रमाणितका आधारमा मात्र भुक्तानी गरेकोमा सत्यापन प्रमाणित, हाजिरी प्रमाणित, विधालय व्यवस्थापन समितिमा प्रमाणित आधारमा पालिकाले अनुगमन गरेर मात्र निकासा नगरेकाले यथार्थ खर्च भएको यकिन गर्न सकिएन। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम कार्यक्रम कार्यान्वयन नगरेकाले यथार्थ खर्च गरे नगरेको आश्वस्त हुन सकिएन। पालिकाले पुस्तिकाको पालना गरेर मात्र दिवा खाजा कार्यक्रम संचालन गरी नियमित अनुगमन गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३६५ |

६३.२ **बढी भुक्तानी**: कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ अनुसार विद्यालयको वास्तविक तथ्यांकलाई आधार मानी IEMIS मा भएको तथ्याकलाई सत्यापन, हाजिरी प्रमाणित र विधालय व्यवस्थापन समितिको अध्यक्ष्य वा तोकेको समितिको अध्यक्ष्यले गरेको सिफारिसलाई अनुगमन गरेरमात्र निकासा गर्नु पर्नेमा पालिकाले देहायका विद्यालयलाई सत्यापन र हाजिरी प्रमाणित माग नगरी दिवा खाजा वापतको रकम रु.७४५७९२२। निकासा गरेको छ। नमुना छनौटका आधारमा विभिन्न विधालयको हाजिरी कपि माग गरी गरिएको परिक्षणमा रु.१५४३२० बढी निकासा भएको छ। पालिकाले निम्न लिखित बढी निकासा भएको रकम र अन्य विधालयको समेत हाजिरी माग गरी हाजिरी यकिन गरेर सत्यापन मार्फत बढी भए नभएको यकिन गरी रु.१५४३२०। असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५४,३२० |

६४ **स्वास्थ्य तर्फ:**

स्वास्थ्य तर्फ रु.४ करोड ९० लाख ३५ हजार बजेट बिनियोजन भएकोमा रु. ४ करोड ७० लाख ८८ हजार खर्च भएको छ। पालिकाले कार्यक्रमको अपेक्षित उपलब्धि हासिल हुनेगरी कार्यक्रम कार्यान्वयन गर्ने तर्फ ध्यान दिनु पर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न लिखित रहेका छन:

६४.१

**१. औषधि खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। उपभोक्तालाई सहज सेवा, औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वयन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग, आपुर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान खरिद तथा आपुर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ जारी गरेको छ। यस वर्ष आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद तर्फ संघीय सशर्त तर्फ रु.२४ लाख ०३ हजार बजेट विनियोजन भएको छ।पालिकाले विनियोजित रकमको विभिन्न भौचर रु.१९८७१८८।खरिद कार्य सम्पन्न गरेको छ। पालिकाले बोलपत्र मार्फत पहिलो पटक रु.६२८९४२। र दोस्रो पटक सोही मुल्यमा रु.१३५८२४६। गरी रु.१९८७१८८। को औषधि खरिद गरेको छ। औषधि खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्वस्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि, मेडिकल उपकरणतथा औषधि प्रतिश्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ। पालिकाले पहिलो पटक नै आवश्यक औषधिको परिमाण ख्याल नगरी टेन्डर मार्फत खरिद गरि बाँकी रहेको बजेटमा पुन खरिद गरेको छ। पालिकाले आवश्यक औषधि पहिचान गरी मात्रा र परिमाण बमोजिम खरिद गर्नुपर्ने देखिन्छ।

| **स्रोत** | **गो.भौ/मिति** | **आइटम संख्या** | **बजेट** | **खर्च** | **व्यवसायी** | **भुक्तानी** |
|---|---|---|---|---|---|---|
| संघीय सशर्त | १७४।०८१।३।६ | २५ | २४०३००० | १३५८२४६ | सर्बदा मेडिको फर्मा | १३५८२४६ |
| | १२८।८१।२।६ | ६५ | | ६२८९४२ | | ६२८९४२ |
| जम्मा | | | २४०३००० | | | १९८७१८८ |

पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपुर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

२. **औषधि तथा औषधिजन्य उपकरणको मौज्दात व्यवस्थापनः** औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ को परिच्छेद २ मा आपूर्ति व्यवस्थापन सम्वन्धी व्यवस्था गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेशपुर्ण उपयोग लगायत विषय समावेश रहेको छ। पालिकाको स्वास्थ्य माहाशाखामा रहेको जिन्सी अभिलेख अनुसार ६ आइटमको मौज्दात र वितरण अवस्था निम्नानुसार रहेको छ।

| क्र सं | औषधिको नाम | २०७९।०८० | | | | २०८०।०८१ | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्या | आम्दानी | खर्च | बाँकी | आम्दानी | खर्च | बाँकी |
| १ | Amoxycillin 500 mg Cap | 0 | १५९००० | ४६७८० | ११२२२० | ३३४०० | ८३५४० | ६२०८० |
| २ | Ciprofloxacin 500 mg Tab | 0 | ७४५०० | २५०२० | ४९४८० | २९००० | ५३६०० | २४८८० |
| ३ | Ranitidin 150 mg Tab | ८१६०० | १७६६०० | २४५३४० | १२८६० | १३३४०० | १२०८३० | २५४३० |
| ४ | Cetrizine 10 mg Tab | 0 | ६९१०० | ३०९०० | ३८२०० | ७०००० | ८७५८२ | २०६१८ |
| ५ | Paracetamol 500 mg Tab | १६०० | २७२००० | २६१७०० | ११९०० | १६५५०० | १३९२५० | ३८१५० |
| ६ | Pantoprazloe 40 mg Tab | 0 | १०५४ | १०५४ | 0 | ५०० | ५०० | 0 |

एमोक्सिलिन ५०० एम जि औषधि आर्थिक वर्ष २०७९।८० मा ४६४८०।क्याप्सुल मातहतका स्वास्थ्य संस्थामा हस्तान्तरण भएकोमा आर्थिक वर्ष २०८०।८१ मा २ गुणा वृद्वि भई ८३५४०। क्यापसुल हस्तान्तरण भएको छ। त्यस्तै ओमिपराजोल र प्यान्टप्राजोल समेत करिव सोही अनुपातमा वृद्वि भएको छ। विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणालीको प्रयोग पुर्ण रुपमा लागु नभएकोले पालिका स्वास्थ्य शाखाको मौज्दात प्रतिवेदन प्रणालीमा हस्तान्तरण भएको परिमाणसँग मातहतका स्वास्थ्य संस्थामा

शाखागत तथा संस्थागत खर्च तथा मौज्दात भिडान हुने अवस्था रहेको छैन। सहजिकरण पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपुर्ति र जिन्सी व्यवस्थापन गर्नु पर्दछ।सहजीकरण पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपुर्ति र जिन्सी व्यवस्थापन गर्नु पर्दछ। साथै औषधिमा उत्पादन मिति, म्याद समाप्त मिति, ब्याच नं, उत्पादन कम्पनी, नेपालीमा निशुल्क वितरणका लागि मात्र भनेर उल्लेख गरी अनिवार्य रुपमा स्टोर दाखिला हुनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

६४.२ प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशीका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ। यसरी खरिद गरिएका जसका केही उदाहरणहरु निम्नानुसारका रहेका छन्। अतः तोकिए अनुसार औषधि खरिद कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ।यस वर्षको परीक्षण गर्दा औषधिको ब्याच नं, उत्पादन कम्पनी, निशुल्क वितरण लगायतका विवरण अनिवार्य रुपमा राखेर मात्र वितरण गर्नुपर्नेमा पालिकाले राखेको छैन। औषधि खरिद र भण्डारणमा पालिकाले ध्यान दिनु पर्ने देखिन्छ।

| सि न | औषधिको नाम | म्याद समाप्त हुने मिति | कैफियत |
|---|---|---|---|
| १ | Cetrizine 10mg | २०२५।३।३१ | १८ महिना भन्दा कम |
| २ | Doxycycline 100mg capsule | २०२५।५।३१ | १८ महिना भन्दा कम |

सैद्धान्तिक बेरुजु

६४.३ **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका विभिन्न बर्थिङ सेन्टरमा गत वर्ष १११० थानको रु.९९७८८०। खरिद गरेकोमा यस वर्ष खरिद गरको छैन। यस वर्ष ७६८ महिला प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिका र वर्थिङ्ग सेन्टरमा खरिद गरिएका विगतको समेत ३४७ थान न्यानो झोला मौज्दातमा रहेको देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६५ **प्रधानमन्त्री रोजगार कार्यक्रम** -

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ४ वडामा ४ योजना सञ्चालन गरी यस वर्ष ५५ जनालाई औसत दिनले ६१.४ दिन रोजगारी उपलव्ध गराई रु.२४ लाख १५ हजार श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। यस वर्ष पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत४ कार्यक्रम संचालनमा रहेकोमा पालिकाले हरिवन चुरे ट्रेकिङ्ग मार्ग अन्तर्गत

बिलन्दी पार्क सरसफाई,मर्मत, बृक्षारोपण र डुम्रीघारी-केराबारी-कैलाशपुरी-बिलन्दी बाटो र पदमार्ग विस्तारको कार्य गरेको छ।यसरी नयाँ सोचमा पदमार्ग निर्माण जस्तै अन्य कार्यहरु गर्नेतर्फ पालिकाले लगानी गरी दिर्घकालिन कार्यमा कामकारबाही अगाडी बढाउने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६६ **लम्पीस्किन भ्याक्सिन**

लम्पीस्किन भ्याक्सिन (३७४-२०८१-१-१):लम्पी स्किन भ्याक्सीनको कार्यमा पालिकाले ३००० भ्याक्सीन रु २०५। प्रति भ्याक्सीनको दरले खरिद गरेको छ भने भेटेनेरी तथा पशु सेवा अस्पताल मलंगवाले यस पालिकालमा वटा भ्याक्सीन लगाएको देखियो । उक्त भ्याक्सीन भेटेरेनरी अस्पतालबाट विभिन्न पालिकामा निशुल्क रुपमा लगाएको देखिन्छ । पालिकाले उक्त भ्याक्सीन खरिद गरी लगाएको छ । अन्य पालिका तथा भेटेरीनरी अस्पतालबाट भ्याक्सीन लगाउने प्राविधिकलाई प्रति भ्याक्सी रु १० को दरले पारीश्रमिक वितरण गरेको छ । भ्याक्सीन खरिद अन्य पालिकामा रु २००। प्रति भ्याक्सीन रहेको छ । भेटेरीनरी अस्पताल तथा अन्य पालिकाको दर अनुसार यस पालिकाले ३००० वटा भ्याक्सीन खरिद गर्दा रु. ५ प्रति भ्याक्सीन बढीमा खरिद गरेको छ भने भ्याक्सीन लगाउने प्राविधिकलाई प्रति भ्याक्सीन रु १० को दरले भुक्तानी हुनुपर्नेमा रु. ३० को दरले प्राविधिकहरु दशरथ चन्द्र घिमिरेलाई ८२७ भ्याक्सीनको रु १६५४०। , पुनम तिम्सिना लाई ६५०। भ्याक्सीनको रु १३०००।, रमेश महतोलाई ७५० भ्याक्सिनको रु. १५०००। प्रमोद कुशवाहलाई ७५० भ्यक्सिनको रु.१५०००। र भ्याक्सीन खरिद गर्दा रु ५ प्रति भ्याक्सीनको दरले ३००० भ्याक्सीनको रु १५०००। सहित जम्मा रु. ७४५४०। अन्य पालिका तथा भेटेनरी तथा पशु सेवा अस्पतालबाट प्राप्त खर्च विवरण भन्दा बढी भुक्तानी भएको देखिन्छ । यस्तो कार्य सुधार गरी खर्च मितव्ययीता अपनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **पकेट कार्यक्रम:**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना व्यवस्थापन इकाई खुमलटार, ललितपुरले प्रकाशन गरेको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुवल, २०७९को ४.१.५ मा कार्यक्रम संचालन अवधि तथा पकेट संख्या अन्तरगत स्थानिय तहको प्रत्येक वडामा कम्तिमा २ वटा पकेट छनौट गरी परियोजनाको आर्थिक सहयोगमा कार्यक्रम संचालन गरिने उल्लेख छ । यसैगरी परियोजना कार्यान्वयन म्यानुवल, २०७७ को ४.१.९.२ (क) मा पकेट निर्धारणकोलागी तालिका नं. १ मा उल्लेख भए बमोजिमको आधार पुरा भएको पकेटमा उत्पादन र उत्पादकत्व बृद्धिका कार्यक्रमहरु प्रथमिकताका साथ संचालन गर्नुपर्ने र (ग) मा स्थानिय तहको स्वीकृत लाभान्वीत वर्गको सहभागितामा प्रविधिक समितिले तालिका नं २ मा उल्लेख भएका क्रियाकलापको सूची मध्येवाट लाभान्वीत वर्गको आवश्यकता र प्रविधिक दृष्टिकोणले उपयूक्त क्रियाकलापहरुको छनौट गरी स्थानिय दररेटको आधारमा लागत अनुमान तथा कार्ययोजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले व्यवसायीक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तरगत अनुदानमा निम्न अनुसारको आँपको वोट वितरण पकेट विकास कार्यक्रम र धान पकेट कार्यक्रम संचालन गरी रु.९२३५९९। अनुदान वापत भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ।त्यस्तै लाभग्राही छनौट गर्दा स्पष्ट मापदण्डका आधारमा छनौट गर्नु पर्दछ। साथै अघिल्ला आर्थिक बर्षहरुमा अनुदान दिएकोमा उक्त पहिले नै प्राप्त गरेका लाभग्राहीहरु दोहोरिन गए नगएको सम्बन्धमा समेत स्पष्ट अभिलेख राख्नु पर्दछ। पालिकाले कार्ययोजना तयार नगरेको,लाभग्राही छनौटको स्पष्ट आधार पेश नभएको र अघिल्ला आर्थिक बर्षहरुमा अनुदान दिएकोमा उक्त पहिले नै प्राप्त गरेका लाभग्राहीहरु दोहोरिन गए नगएको अभिलेख समेत नराखेकोले एकिन गर्न समेत सकिएन । तसर्थ कार्ययोजना,लाभग्राही छनौटको आधार,गत वर्षहरुमा अनुदान पाउनेहरुको अभिलेखको अध्यावधिक गरेर मात्र अनुदान वितरण गर्नुपर्दछ।(हजारमा)

| गो भौ नं/मिति | विवरण | लाभग्राही | लागत | भुक्तानी |
|---|---|---|---|---|
| २८६।८१।३।२३ | हातेमालो महिला र सुभलक्ष्मी कृषक समुहलाई कृषि सामाग्री वितरण | विभिन्न | १४३६ | ७५७ |
| २५५।२८६।३।२३ | आँप पकेट कार्यक्रममा भेटघाट कृषक समुहलाई सामाग्री वितरण | विभिन्न | ४५७ | १६६ |

सैद्धान्तिक बेरुजु

## ६८ लघु उद्यम विकास कार्यक्रम

लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रु.१२ लाख विनियोजन भएकोमा रु.१०लाख ९१ हजार खर्च भएको देखियो। उक्त स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन:

१. **कार्यक्रम बाँडफाँड**-गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भएअनुसार बजेट बाँडफाँट गरी सोही निर्देशिकाको अनुसुची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। । पालिकाले बजेट व्यवस्थापन गरेतापनि लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता तालिम, प्रविधि हस्तान्तरण लगायतका शीर्षकको जम्मा रु १०लाख ६० हजार कार्यक्रममा बजेट खर्च गरी कार्यक्रम संचालन गरेको देखिन्छ।निर्देशिकाले तोकेनुसार सबै चरणको कार्यक्रम गर्नु पर्ने देखिन्छ।

| आयोजनाको नाम | लाभाम्वित संख्या | खर्च | अवधि |
|---|---|---|---|
| उधमशिलता विकास तालिम | १५ | ६३६४० | १६ दिन |
| स्कुल ब्याग र ट्र्याक सुट सिलाई कटाई तालिम | ६ | १७४२४१ | १ महिना |
| आधुनिक दुना टपरी बनाउने तालिम | ५ | ७३८४० | ७ दिन |
| आँपको परिकार र टमाटर सस बनाउने तालिम | १० | १९६८७५ | १५ दिन |
| हातेमालो कृषक समुह लाई ईलेक्ट्रिक ड्रईक मेसिन वितरण | १० | ५६००० | |
| भजु बाबा दुना टपरी उत्पादक समुह-हाईड्रुलिक लगायत सामान | ५ | ९८८०० | |
| कैलाशपुरी झोला समुह-ईलेक्ट्रिक सिलाई मेसिन र कैचि | ६ | ३२८०० | |
| पारिजात उधमी कृषक उत्पादक समुहका लागि घर निर्माण | २३ | ६३२०० | |

२. **कार्यक्रमको प्रक्रिया तथा रेकर्ड व्यवस्थापन:** लघु उद्यम कार्यक्रमबाट लाभान्भित भएका व्यक्तिहरु तथा सञ्चालित कार्यक्रमको अभिलेख राख्न उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले gesimis.moics.gov.np प्रणाली प्रयोगमा ल्याएको छ।यस प्रणालीमा लघु उद्यमी तालिम तथा विकास सम्बन्धी चरण चरणका विवरणहरु अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रमका विभिन्न चरणमा सहभागी भएका लाभग्राहीहरुको अभिलेख यस सिस्टममा अद्यावधिक गरेको छैन। पालिकाले सिप विकास तालिममा उद्यशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेकोले निर्देशिकामा भएको व्यवस्था पालना भएको छैन। पालिकाले यस तर्फ विशेष ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ६९ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

## ७० सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा एन २०७५ , सामाजिक सुरक्षा नियमावली, २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता रणनिति,२०७४, सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि,२०७७ को प्रावधान बमोजिम

गर्नुपर्ने व्यवस्था छ। पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.२१७२९३४०७.५४ खर्च भएको आर्थिक विवरण पेश भएको छ। यस आर्थिक विवरणको स्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखिन्छ।

| त्रैमासिक | संख्या | वितरित | नगएको | जम्मा | वितरण | खातामा नगएको | कुल वितरण | फिर्ता |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८५७५ | ८५७३ | २ | ५३४५३८४८ | ५३४३७८५८ | १५९९० | ५३४३७८५८ | |
| २ | ८७१३ | ८७०१ | १२ | ५४००२१७१ | ५३८८३६८७ | ११८४८४ | ५३८८३६८७ | |
| ३ | ८७७५ | ८७५९ | १६ | ५४९४३३५८ | ५४८३३७१५ | १०९६४३ | ५४८३३७१५ | |
| ४ | ८८५७ | ८८११ | ५४ | ५६१३६४०१ | ५५७०२४१२ | ४३३९८९ | ५५७०२४१२ | |
| जम्मा | | | | २१८५३५७७८ | २१७८५७६७२ | ६७८१०६ | २१७८५७६७२ | ९४९५६९.४६ |

७०.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। छनौटगत रुपमा वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन भएको देखिएन। निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यू भई लाभग्राही सूचिवाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखिन्छ। लाभग्राहीको नाममा मृत्यु दर्ता पछि मात्र लगत कट्टा गर्दा सामाजिक सुरक्षा भत्ता बैंक मार्फत बढी जाने देखिन्छ।यसमा सुधार गरि कार्यक्रम कार्यान्वियन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। जसका केही उदाहरणहरु निम्नानुसार छन्:

यसरी व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न जनतालाई प्रोत्साहित गरी सामाजिक सुरक्षा भत्ता थप हुन सक्ने अवस्था यकिन गरी पालिकाले समयमै छानविन गरि लगत कट्टा गरी रकम फिर्ता गर्नुपर्दछ। लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ७०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

७०.२ **संचितकोष फिर्ता:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुदाँ २६(३) मा एक आर्थिक वर्ष सम्म रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धीत वडा कार्यालय तथा बैंकबाट लगत कट्टा हुने गरि लगत कट्टा गरेको मितिसम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। वितरण गरि बाँकी तथा लगत कट्टाको विवरण सम्वन्धीत बैंकबाट लिई छानविन गरेको तथा बैंकले वितरण गरि बाँकी रहेको रकम समयमा फिर्ता गरेको पाइएन। बैंकले पालिकाबाट प्राप्त निकासा वितरण गरि बाँकी रहेको रकम र लगत कट्टा भई फिर्ता गर्नुपर्ने रकम फिर्ता गरेपनि कुन कुन लाभग्राहीको लगत कट्टी बाट के कति रकम फिर्ता भएको हो स्पष्ट देखिने गरि विवरण दिएको देखिएन। पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानविन गरी स्पष्ट रुपमा नामनामेसी नखुल्ने गरि वितरण गरिएको भत्ता रकम संघीय संचित कोषमा फिर्ता/दाखिला गर्नु पर्दछ। यस वर्ष विभिन्न त्रैमासिकमा लगत कट्टा पछि खातामा गएर बाँकी रकम अन्य समेत एकिन गरी फिर्ता गरी संचित कोषमा दाखिला गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७०.३ **१. लगत कट्टा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुदाँ ११(१) मा पालिकाले अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट हटाई मुल अभिलेखमा जनाउनु पर्ने व्यवस्था छ। बुदाँ ११(२)मा लाभग्राहीको मृत्यु

भएमा, एकल महिलाले विवाह गरेमा हकवालाले ३५ दिन भित्र दर्ता गराउनु पर्ने र विवरण अध्यावधिक गरी लगत कट्टा गराउनुपर्ने र लाभग्राहीले लगत कट्टा नगरेमा पालिकाका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयले लगत कट्टा गरि पालिकालाई जानकारी गराई अध्यावधिक गर्नुपर्नेमा गरेको छैन। पालिकाले वडाका पदाधिकारीलाई परिचालन गरी कार्यविधिको पालना गरी बैँकमा गएर डम्पिङ्ग हुन सक्ने अवस्थालाई सुधार गर्नुपर्नेमा पालिकाले गरेको छैन।

**२.डोरम्याट खाता:**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि**,**२०७७ को बुदाँ २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ। पालिकाले निष्कृय लाभग्राहीको खाताको विवरण माग गरी लगत अद्यावधिक गर्नु पर्दछ।यस वर्ष विभिन्न खाता रिजेक्ट भएकाले पालिकाले विवरण निष्कृय खाताको विवरण माग गरी खाता अध्यावधिक गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

७०.४ १. **सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गर्ने परिपाटी बन्द गर्नुपर्दछ ।

२. **निरीक्षण तथा अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको पाइएन।

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

७१

**(क) सम्परीक्षण :**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७९।८० सम्मको बाँकी बेरुजु रु.२१७७५००००। मध्ये रु.६५००००। फर्स्यौट गरी सम्परीक्षणका लागि म्यानुअल मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण भएको छ। बाँकी बेरुजु सम्परीक्षण गराउने तर्फ ध्यान दिनुपर्दछ।

| सि.न. | आर्थिक वर्ष | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | २०७६।७७ | १११ | सहायक पाँचौ हरिकृष्ण मौनालीको पेश्की बेरुजु दाखिला प्रमाण पेश | १५०००० |
| २ | २०७६।७७ | १०१ | कविन कार्कीको खसी बजार ठेक्काको बक्यौदा रु.१२९०८८०।११ मध्ये रु.५०००००। असुली भई दाखिला भएको प्रमाण पेश | ५००००० |

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **हरिवन नगरपालिका, सर्लाही** को २०८१ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | २१७७५०००० | ६५०००० | १६१९०५७५ | ० | २३३२९०५७५ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : हरिवन नगरपालिका, सर्लाही , हरिवन नगरपालिका , सर्लाही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरेन्द्र प्रधान | २०७८-११-४ | २०८०-७-२ |
| कार्यालय प्रमुख | देवेन्द्र सापकोटा | २०८०-९-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रतिक कार्की | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,५८७,९४३ | ६,७५६,०६९ | ३,७४६,५६३ | ० | ० | १००,००० |
| | | | | **जम्मा बेरुजु रकम** | १६,१९०,५७५ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | २,०२६,५३२ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ७७३७२७६७.७१ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ७३४०१०१०२.४२ | चालु खर्च | ६४८५६७३३८.४६ |
| प्रदेश सरकारबाट अनुदान | ९६९८०००.० | पूँजीगत खर्च | २६४४१७४११.६१ |
| राजश्व बाँडफाँट | १३९३४९७६३.४२ | वित्तीय/अन्य व्यवस्था | १६८६१७३४.१४ |
| आन्तरिक आय | ३७४२८०३०.७१ | | |
| अन्य आय | १७३६५११० | | |
| कुल आय | ९३७८५१००६.५५ | कुल खर्च | ९२९८४६४८४.२१ |
| बाँकी मौज्दात | | ८५३७७२९०.०५ | |

## अनुसूची - २

| सि.नं | लेखापरीण | लेखापरीण गरएका विषय |
|---|---|---|
| १ | चालु तथा प्रशासनिक खर्च | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| २ | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| ३ | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट खरिद | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट खरिद |
| ४ | स्वास्थ्य कार्यक्रम तथा वजेट खर्च | यस वर्ष संचालित मुख्य २ कार्यक्रम र औषधि खरिद |
| ५ | कृषि तथा पशुतर्फ | यस वर्ष संचालित मुख्य ३ कार्यक्रम |
| ६ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा २ वडाको लगत कट्टा र वितरण |
| ७ | शिक्षा तर्फको वजेट तथा कार्यक्रम | १५ भन्दा बढी विधालय भएमा ३ विधालयको दिवा खाजा, पाठ्य पुस्तक र तलव निकासा |
| ८ | प्रधानमन्त्री रोजगार कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रमका २ कार्यक्रम परीक्षण |
| ९ | आन्तरिक आय | आन्तरिक आय |
| १० | सहकारी संस्थाको सञ्चालन र नियमन | सहकारी संस्थाको सञ्चालन र नियमन |
| ११ | ठेक्का व्यवस्थापन | ठेक्का व्यवस्थापन |
| १२ | सफ्टवेयर खरिद | विविध जोखिम |
| १३ | डि पि आर खरिद | डि पि आर खरिद |

| क्र.स. | योजना विवरण | संचालित वडा | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | समृद्धि कृषि वन समुह | हरिवन-५ | ५००००० | ६११७७९७ |
| २ | विलन्दी क्यानेश्वर सडकको घुम्तीमा जलवायु नमुना मापन केन्द्र स्थापना तथा पार्कमा ब्लक विछ्याउने कार्य | हरिवन-१ | ९४२७४७.६ | |
| ३ | कृषि वन कार्यक्रम निरन्तर्ता | हरिवन-३ र ५ | १७५८५८ | |
| ४ | फलफुलका बोट विरुवा खरिद तथा वितरण | न.पा. | ३००००० | |
| ५ | वडा नं. २ प्राचिन माने गुम्बा(मिलन चोक) मा पार्क व्यवस्थापन | हरिवन-२ | ४९५५६४.४२ | |
| ६ | सिकाई केन्द्र व्यवस्थापन | हरिवन-८ | ४८०३० | |
| ७ | गणेश मन्दिर पार्क संरक्षण | हरिवन-४ | ३९९६०७.५३ | |
| ८ | सिचाई कुलो निर्माण | हरिवन-६ | ४८८८९७.७७ | |
| ९ | सिकाई केन्द्र स्थापना | हरिवन-२,४,५ र ६ | ४३२२५० | |
| १० | विसौनी डाँडामा खानेपानी व्यवस्थापन | हरिवन-२ | ४९२४९२.२८ | |
| ११ | तिनसुरेमा सिंचाई कुलो निर्माण | हरिवन-२ | ४९२२९४.४५ | |
| १२ | वनवाटिका पर्यटकीय क्षेत्र व्यवस्थापन | हरिवन-२ | ७८४६२४.१६ | |
| १३ | कौवा जाने बाटोमा कज्वे निर्माण (बिलन्दी खोला) | हरिवन-१ | २६५५०७.९५ | |
| १४ | नमुना कृषि गाउँ कार्यक्रम-कुशवाहा टोल | हरिवन-६ | २९९९२३ | |
| १५ | हाईमास लाईट /सौर्य बत्ती जडान | वडा नं.५ | ८ लाख | संचालन नभएको |
| १६ | हाईमास लाईट /सौर्य बत्ती जडान | वडा नं.२ | ३ लाख | |
| १७ | वडा नं.३ मा मोहनपुर खेलमैदान बोरिङ छेउमा पोखरी निर्माण | वडा नं.३ | ९ लाख | |
| १८ | वडा नं.९ मा पानी Storage | वडा नं.९ | ६ लाख | |
| १९ | विलन्दी क्यानेश्वर सडकको घुम्तीमा जलवायु नमुना मापन केन्द्र स्थापना तथा पार्कमा ब्लक विछ्याउने कार्य | न.पा. | २५ लाख | ९४२७४७ खर्च |
| २० | लोकमार्ग तथा बजार क्षेत्र र पर्यटकीय क्षेत्रमा हाईमास /सौर्य बत्ती जडान | न.पा. | १० लाख | संचालन नभएको |
| २१ | जेष्ठ नागरिक पार्क- लाल बहादुर भुजेलको घर छेउमा | वडा नं. १० | २ लाख | |
| २२ | गणेश मन्दिर पार्क संरक्षण | वडा नं.४ | ४ लाख | |
| २३ | कृषि उपज संकलन केन्द्र निर्माण | वडा नं.४ | ४ लाख ५० हजार | |
| २४ | फोहोर व्यवस्थापनका लागि ट्रली व्यवस्थापन | वडा नं. ११ | ६ लाख | |

| | | | | |
|---|---|---|---|---|
| २५ | हाईमास लाईट /सौर्य बत्ती जडान | वडा नं.७ | ६ लाख | |
| २६ | सिकाई केन्द्र स्थापना | वडा नं. २ | २ लाख | |
| २७ | हाईमास लाईट /सौर्य बत्ती जडान | वडा नं.१० | ७ लाख | |
| २८ | हाईमास लाईट /सौर्य बत्ती जडान | वडा नं.४ | ४ लाख | |

## बेरूजु दफा ५५ सँग सम्बन्धित विवरण - अनुसूची -४



https://nams.oag.gov.np

| क्र.स. | उप-आयोजनाको नाम | आयोजना स्थल | लागत रु लाखमा |
|---|---|---|---|
| १ | भोक्टेनीमा खानेपानी विस्तार | हरिवन-१ | ३४.५ |
| २ | वाङ्चु लामाको घर देखि लक्ष्नु बलको घर सम्म सडक ढलान वडा नं.1 | हरिवन-१ | १० |
| ३ | विसौनी डाँडामा खानेपानी व्यवस्थापन | हरिवन-२ | ५ |
| ४ | वडा नं. २ प्राचिन माने गुम्बा(मिलन चोक) मा पार्क व्यवस्थापन | हरिवन-२ | ५ |
| ५ | अत्रौली खानेपानी सरसफाइ उपभोक्ता समितिलाई अनुदान- खानेपानी पाईप लाइन विस्तार | हरिवन-२ | १० |
| ६ | तिनसुरेमा सिचाई कुलो निर्माण | हरिवन-२ | ५ |
| ७ | थानसिङ टोल मगर समुदायको बौद्ध विहार भवन निर्माण | हरिवन-२ | ५ |
| ८ | सिकारी टोलबाट लालबन्दी जोड्ने सडकमा कल्भर्ट निर्माण | हरिवन-२ | ५ |
| ९ | राम अवतार मा.वि. मा क्यान्टिन निर्माण वडा नं. २ | हरिवन-२ | ५ |
| १० | बिसौनी डाँडा ह्युमपाइप खरिद तथा जडान वडा नं.2 | हरिवन-२ | ५ |
| ११ | आमटोल र पचवरिया टोलमा खानेपानी ईनार निर्माण वडा नं.2 | हरिवन-२ | ६ |
| १२ | माधव गौतमको घर देखि दिल बहादुर गोलेको घर सम्म सडक ढलान वडा नं.2 | हरिवन-२ | ८ |
| १३ | शेरे बलको घर देखि गोपीलाल टोलसम्म कुलो नाला निर्माण वडा नं.2 | हरिवन-२ | १० |
| १४ | मोहनपुर महादेव घेराबारा | हरिवन-३ | ५ |
| १५ | वडा भित्र रहेका ईनार मर्मत तथा सम्भार | हरिवन-३ | ५ |
| १६ | खानेपानी समरसेल जडान | हरिवन-३ | १८ |
| १७ | गणेश चोक पोखरी स्तरोन्नती | हरिवन-४ | ६ |
| १८ | गणेश मन्दिर पार्क निर्माण | हरिवन-४ | ६ |
| १९ | गुम्बामा ब्लक ओछ्याउने | हरिवन-४ | ५ |
| २० | पटौनामा खानेपानी पाइप लाइन विस्तार | हरिवन-४ | ७ |
| २१ | २५% लागत सहभागितामा वडाको विभिन्न स्थानमा समरसेल जडान | हरिवन-४ | ९ |
| २२ | सुपारी टोलमा ओरालो बाटो ढलान | हरिवन-४ | ५ |
| २३ | गेल्हामा जडान भएको डिप बोरिङबाट खानेपानी आपूर्ती वडा नं.4 | हरिवन-४ | ७ |
| २४ | कुशवाह सामुदायिक भवनको भौतिक पूर्वाधार विकास वडा नं.५ | हरिवन-५ | १० |
| २५ | वडा नं.५ मा तामाङ दाहसंस्कार घेराबेरा | हरिवन-५ | ७ |
| | | | |


https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| २६ | समृद्धि कृषि वन समुह-बगर खेती | हरिवन-५ | १७.९ |
| २७ | लागत सहभागितामा कृषि समरसेल जडान २ इन्च वडा नं.5 | हरिवन-५ | ५.२५ |
| २८ | विपन्न नागरिकको लागि आवास निर्माण | हरिवन-५ | ९ |
| २९ | सिचाई तथा खानेपानी समरसेल | हरिवन-५ | ७.८ |
| ३० | सिचाई कुलो निर्माण | हरिवन-६ | ५ |
| ३१ | लागत सहभागितामा कृषि समरसेल जडान २ इन्च वडा नं.6 | हरिवन-६ | १०.१५ |
| ३२ | सिद्धार्थ गुम्बा नजिक तार घेराबारा सहितको वृक्षारोपण | हरिवन-६ | १० |
| ३३ | रंग बहादुर बलम्पाकी मिलनको घर देखि हरि मगरको घर सम्म सडक ढलान वडा नं.6 | हरिवन-६ | १० |
| ३४ | वडाको आवश्यक स्थानमा कृषि समरसेल तथा खानेपानी समरसेल जडान | हरिवन-७ | ९ |
| ३५ | सोमनाथ मैनालीको घर देखि पूर्व अधुरो रहेको सडक ढलान | हरिवन-७ | ८ |
| ३६ | वडाको विभिन्न सडक स्तरोन्नति तथा ग्राभेल | हरिवन-७ | ५ |
| ३७ | वनवाटिका पर्यटकीय क्षेत्र व्यवस्थापन | हरिवन-८ | ८ |
| ३८ | लागत सहभागितामा कृषि समरसेल जडान २ इन्च वडा नं.8 | हरिवन-८ | ५.६ |
| ३९ | २५% लागत सहभागितामा विभिन्न स्थानमा समरसेल जडान | हरिवन-८ | ८.६ |
| ४० | हरिवन स्वास्थ्य चौकीको पूर्वाधार निर्माण कार्य | हरिवन-८ | १८.३१ |
| ४१ | चुरे जनता प्रा.वि.मा ब्लक बिछ्याउने कार्य वडा नं.8 | हरिवन-८ | ५ |
| ४२ | दनुवारी जाने मुल बाटो पश्चिम सोम प्रसाद अधिकारीको घर जाने बाटो ढलान | हरिवन-९ | ५ |
| ४३ | न्यू होल्याण्ड दक्षिण जाने बाटो ढलान कार्य | हरिवन-९ | ८.६२ |
| ४४ | वडा कार्यालय परिसर भित्र आवश्यक कार्य | हरिवन-९ | ११.२५ |
| ४५ | लिला भण्डारीको घर उत्तर अधुरो ढलान | हरिवन-९ | ५ |
| ४६ | ट्रक संघ उत्तर लक्ष्मी रिजालको घर जाने बाटो ढलान | हरिवन-९ | १० |
| ४७ | विलिभर्स चर्च निर्माण वडा नं. 10 | हरिवन-१० | ५ |
| ४८ | ताईवान बस्तीमा जस्ता छाउने | हरिवन-१० | ११.६ |
| ४९ | गुम्बा निर्माण | हरिवन-१० | ५ |
| ५० | वडाको विभिन्न स्थानमा सडक ग्राभेल | हरिवन-१० | ७ |
| ५१ | वडा कार्यालयको कम्पाउण्ड वाल | हरिवन-१० | १३ |
| ५२ | बालगंगा बर्काती जामे मस्जिद जाने सडक ढलान | हरिवन-११ | ११ |

| | | | |
|---|---|---|---|
| ५३ | बर्काती जामे मस्जिदको पूर्वाधार विकास | | ५ |
| ५४ | वडाको विभिन्न स्थानमा समरसियल तथा चापाकल निर्माण | | ८ |
| ५५ | तिर्थ बलको घर देखि उत्तर जाने सडक ढलान | | ७ |
| ५६ | बालगंगा मुस्लिम टोल दाहसंस्कार स्थलको कम्पाउण्ड वाल वडा नं. 11 | | ८ |
| ५७ | अधुरो महिला भवन निर्माण वडा नं.11 | | ५ |
| | जम्मा | | ४७१.५८ |

## बेरूजु दफा ५८ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र.सं. | पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. | | गत आ. व. |
|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको | म्याद नाघेको |
| १ | १११।८०।९।२३ | जक्की अहमद सिद्धिकी | ० | १०००००. | ० |
| २ | २०८०/०४/०१।११ | विकोइ। धुलिखेल जे.भी. | ० | ० | ५३८२१९५.१७ |
| ३ | २०८०/०४/०१।१२ | सि. एम. - स्लेट - गोपिनी गंगा जे. भी. | ० | ० | २२०००००. |
| ४ | २०८१/०१/२१।६९ | सबनम कन्स्ट्रक्सन | ४४००००. | ० | ० |
| ५ | २०८१/०१/२४।७१ | बागमति कन्ट्रक्सन | ७०००००. | ० | ० |
| ६ | २०८०/०४/०१।११ | नेपाल विधुत प्राधिकरण | ० | ० | १२६२४५. |
| ७ | २०८०/०४/०१।११ | नेपाल विधुत प्राधिकरण | ० | ० | २०००००. |
| ८ | २०८०/०४/०१।११ | नेपाल विधुत प्राधिकरण | ० | ० | ५०००००. |
| ९ | २०८०/०४/०१।११ | नेपाल विधुत प्राधिकरण | ० | ० | १००००००. |
| १० | २०८०/०४/०१।३२९ | जकी अहमद सिद्दिकी | ० | ० | १०००००. |
| ११ | २०८०/०४/०१।३२९ | तारा पोखरेल | ० | ० | २००००. |
| १२ | २०८०/०४/०१।३२९ | शेकराज आचार्य | ० | ० | ४००००. |
| १३ | २०८०/०४/०१।३२९ | शेकराज आचार्य | ० | ० | ५००००. |
| १४ | २०८१/०२/२०।४८३ | एम्पायर बिल्डर्स एण्ड बार्टर्स प्रा. लि. | १०००००. | | ० |
| | जम्मा | | १२४०००० | १०००००. | ९६१८४४० |
| कुल जम्मा | | | १०९५८४४० | | |

## बेरूजु दफा ६०.२ सँग सम्बन्धित विवरण - अनुसूची -६

| क्रस | विद्यालको नाम | दरबन्दी | पद्पुर्ति | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|---|---|
| १ | आधारभुतविद्यालय पटौना | ७ | ७ | १२२ | १:१७ |
| २ | चतुर्भुजेश्वरजनता मावि | २९ | २९ | ९६६ | १:३३ |
| ३ | चुरे जनताआवि | ५ | ५ | १११ | १:२२ |
| ४ | जनजागृतीप्रावि | ३ | ३ | २१० | १:७० |
| ५ | जनजागृतीमावि वेताली | १६ | १६ | २३५ | १:१५ |
| ६ | जनताप्रावि दनुवारी हरिवन ९ | ५ | ५ | १३७ | १:२७ |
| ७ | जनसेवामावि | १९ | १९ | ३४८ | १:१८ |
| ८ | देउरालीजनता प्रावि | ५ | ५ | ५८ | १:११ |
| ९ | प्राविचारलिक घुर्कौली | ६ | ६ | ९८ | १:१६ |
| १० | प्राविपटौना | ३ | ३ | ६९ | १:२३ |
| ११ | प्राविबालगंगा हरिवन ७ | ४ | ४ | १०२ | १:२५ |
| १२ | प्राविभोग्टेनी | ३ | ३ | ७५ | १:२५ |
| १३ | प्राविमोहनपुर | २ | २ | ५१ | १:२५ |
| १४ | बाढीपिडितसुकुम्बासी प्रावि | ३ | ३ | ११६ | १:३८ |
| १५ | बालगंगाप्रावि हरिवन ११ | ४ | ४ | २९५ | १:७३ |
| १६ | महादेवजनता मावि | ३३ | ३२ | १८९५ | १:५८ |
| १७ | माइरानीमिक्चनी मावि | १६ | १६ | ४२८ | १:२६ |
| १८ | रामअवतारजमावि | ११ | ११ | ४८९ | १:४५ |
| १९ | रामवहादुरपुलामी आवि | ५ | ५ | २५५ | १:५१ |
| २० | शिवेश्वरप्रावि | २ | २ | ४१ | ४:२१ |
| २१ | सर्वोदयजनता प्रावि | ४ | ४ | १३५ | १:३३ |
| | **कूल जम्मा** | **१८५** | **१८४** | **६२३६** | १:३४ |

## बेरूजु दफा ६०.५ सँग सम्बन्धित विवरण - अनुसूची -७

| क्र.सं. | भुक्तानी पाउनेको नाम | अनुदान |
|---|---|---|
| १ | मदरसा इसलामिया गणेश चोक हरिवन-४ | २४१००० |
| २ | मदरसारिजविया गरिब नवाज हरिवन -११ | २४१००० |
| ३ | मदरसानुरिया कमरुल ओलुम हरिवन-११ | २४१००० |
| ४ | मदरसागौसुलवरा हरिवन -११ | २४१००० |
| ५ | मदरसाफैजाने आला हजरत हरिवन -११ | २४१००० |
| ६ | मदरसाफैजाने गरिब नवाज हरिवन -१० | २४१००० |
| जम्मा | | १४४६००० |

## बेरूजु दफा ६०.११ सँग सम्बन्धित विवरण - अनुसूची -८

| सिन | विधालयको नाम | रकम |
|---|---|---|
| १ | रामअवतार जनता मावि | ४२६०० |
| २ | आधारभुत विधालय पटौना | ५००० |
| ३ | जनसेवा मावि | २७४०० |
| ४ | जनजागृती मावि | १५००० |
| ५ | चतुभुर्जेश्वर जनता मावि | ८५२०० |
| ६ | माईरानी मिक्चनी मावि | २६००० |
| ७ | राम बहादुर पुलामी आवि | १३२०० |
| | जम्मा | २१४४०० |

## बेरूजु दफा ६२.१ सँग सम्बन्धित विवरण - अनुसूची -९

| क्रस | विद्यालयको नाम | पहिलो किस्ता | दोस्रोकिस्ता | जम्मा |
| --- | --- | --- | --- | --- |
| १ | राम अवतार जनता माबि | २८८२६१ | ६४३६४ | ३५२६२५ |
| २ | प्राबि पटौना | २३४७८ | १७११९ .६ | ४०५९७ .६ |
| ३ | आधारभूत विद्यालय पटौना | ६२२८५ | ४२९१ .५ | ६६५७६ .५ |
| ४ | प्राबि भोक्टेनी | ३०६९८ | १६६७८ .८ | ४७३७६ .८ |
| ५ | शिवेश्वर प्राबि | १४०७१ | ६५३६ | २०६०७ |
| ६ | सर्वोदय प्राबि | ४७३१८ | २४७२६ .८ | ७२०४४ .८ |
| ७ | प्राबि चारलिक | २६११३ | २१२०३ | ४७३१६ |
| ८ | जनजागृती प्राबि | ६८८८१ | ४७४०८ | ११६२८९ |
| ९ | प्राबि बालगंगा ७ | ४५९४७ | ५५९० | ५१५३७ |
| १० | जनसेवा माबि | १७७२४५ | १०३०८४ | २८०३२९ |
| ११ | देउराली प्राबि | २११०३ | ५२३७ | २६३४० |
| १२ | प्राबि बालगंगा ११ | ८८७५४ | ५३४४१ .६ | १४२१९५ .६ |
| १३ | जनजागृतीमाबि | १३७४२४ | ६०१२५ | १९७५४९ |
| १४ | चतुर्भुजेश्वर जनता माबि | ४८०२७८ | १७०९२१ | ६५११९९ |
| १५ | महादेव जनता माबि | ९४३५६१ | ३८७७३६ .७ | १३३१२९७ .७ |
| १६ | बाढीपिडित सुकुम्बासी प्राबि | ४४९४९ | ४०८५ | ४९०३४ |
| १७ | प्राबिदनुवारी | ४३२७१ | ६६०३ .२ | ४९८७४ .२ |
| १८ | चुरेजनता आ.बि | ३१९३१ | ३१२८५ .४ | ६३२१६ .४ |
| १९ | श्रीमती माइरानी मिक्चनी माबि | २८७२४८ | ८१६५६ | ३६८९०४ |
| २० | रामबहादुर पुलामी आबि | १४०७६१ | ४६००७ .४ | १८६७६८ .४ |
| २१ | प्राबिमोहनपुर | २२६४५ | १५६०६ | ३८२५१ |
|  | जम्मा | ३०२६२२२ | ११७३७०६ | ४१९९९२८ |

## बेरूजु दफा ६२.२ सँग सम्बन्धित विवरण - अनुसूची -१०

| कक्षा | भुक्तानीमा विद्यार्थीसंख्या | भरपाई र जेठको हाजिरमा विद्यार्थीसंख्या | वढी संख्या | दर | वढी निकासा |
|---|---|---|---|---|---|
| १. जनसेवा मावि हरिवन | | | | | |
| १ | २० | १३ | ७ | ५२१ | ३६४७ |
| ३ | २० | १७ | ३ | ५८१ | १७४३ |
| ५ | ३० | १७ | १३ | ६३४ | ८२४२ |
| ७ | ४० | ३२ | ८ | ७४८ | ५९८४ |
| ८ | ३५ | २९ | ६ | ८८२ | ५२९२ |
| १० | ५३ | ४५ | ८ | ११९४ | ९५५२ |
| जम्मा | | | | | ३४४६० |
| २. महादेव जनता मावि हरिवन ८ | | | | | |
| १ | ८३ | ७८ | ५ | ५२१ | २६०५ |
| २ | ६५ | ६१ | ४ | ५५७ | २२२८ |
| ३ | ७७ | ७० | ७ | ५८१ | ४०६७ |
| ४ | ८७ | ८० | ७ | ५९७ | ४१७९ |
| ५ | ९० | ८० | १० | ६३४ | ६३४० |
| ६ | १६७ | १५८ | ९ | ७०८ | ६३७२ |
| ७ | १९९ | १९० | ९ | ७४८ | ६७३२ |
| ८ | २५६ | २४१ | १५ | ८८२ | १३२३० |
| ९ | ३१२ | २८३ | २९ | ९९० | २८७१० |
| १० | २४४ | २१७ | २७ | ११९४ | ३२२३८ |
| जम्मा | | | | | ४५७५३ |
| ३. राम अवतार जनता मावि | | | | | |
| १ | २५ | १२ | १३ | ५२१ | ६७७३ |
| ३ | २२ | १४ | ८ | ५८१ | ४६४८ |
| ४ | ३१ | २० | ११ | ५९७ | ६५६७ |
| ५ | ३२ | २५ | ७ | ६३४ | ४४३८ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ५७ | ४६ | ११ | ८८२ | ९७०२ |
| जम्मा | | | | | ३२१२८ |
| ४. माईरानी मिक्चनी मावि | | | | | |
| १ | ४२ | ३२ | १० | ५२१ | ५२१० |
| ३ | ४० | ३५ | ५ | ५८१ | २९०५ |
| ४ | २८ | २४ | ४ | ५९७ | २३८८ |
| ५ | ४२ | ३७ | ५ | ६३४ | ३१७० |
| ६ | ३५ | ३० | ५ | ७०८ | ३५४० |
| ९ | ५६ | ५२ | ४ | ९४० | ३७६० |
| जम्मा | | | | | २०९७३ |
| ५.राम बहादुर पुलामी आवि | | | | | |
| २ | २७ | २१ | ६ | ५५७ | ३३४२ |
| ४ | ३१ | २५ | ६ | ६०३ | ३६१८ |
| ५ | ३२ | २८ | ४ | ६४१ | २५६४ |
| जम्मा | | | | | ९५२४ |
| ६.चतुर्भुजेश्वर जनता मावि | | | | | |
| १ | ३२ | १५ | १७ | ५२१ | ८८५७ |
| २ | ३२ | १६ | १६ | ५५७ | ८९१२ |
| ३ | ४० | २४ | १६ | ५८१ | ९२९६ |
| ४ | ५६ | ३२ | २४ | ५९७ | १४३२८ |
| ५ | ७१ | ३७ | ३४ | ६३४ | २१५५६ |
| ६ | १२१ | १०० | २१ | ७०८ | १४८६८ |
| ७ | ११२ | ९० | २२ | ७४८ | १६४५६ |
| ८ | १०८ | ९३ | १५ | ८८२ | १३२३० |
| ९ | १११ | ८८ | २३ | ९९० | २२७७० |
| १० | ११२ | १०६ | ६ | ११९४ | ७१६४ |
| जम्मा | | | | | १०७५०३ |


https://nams.oag.gov.np

| | |
|---|---|
| कुल जम्मा | २५०३४१ |

## बेरूजु दफा ६३.१ सँग सम्बन्धित विवरण - अनुसूची -११

| सि.न | विद्यालयको नाम | दिवाखाजा |
|---|---|---|
| १ | राम अवतारजनता मावि हरिवन-२ अत्रौली | ३०११७८ |
| २ | प्रा. वि.पटौना, हरिवन-१ | १५६७८० |
| ३ | आधारभुतविद्यालय पटौना, हरिवन-१ | १७२१८५ |
| ४ | प्रा. वि.भोग्टेनी, हरिवन-१ | २०८०२० |
| ५ | शिवेश्वरप्रा.वि. केरावारी, हरिवन-१ | १०८४६५ |
| ६ | सर्बोदयप्रा.वि. हरिवन- ५ | ३४०९१३ |
| ७ | प्रा.वि.चारलिक, हरिवन- ६ | २०३८४३ |
| ८ | जनजागृतीप्रा.वि. पार्तटोल, हरिवन- ७ | ४९२३०० |
| ९ | बालगंगाप्रा.वि. घुर्कौली, हरिवन- ७ | २२७३५५ |
| १० | जनसेवामा.वि. घुर्कौली, हरिवन- ७ | ३४८२१० |
| ११ | देउरालीप्रा.वि. डुम्रिघारी हरिवन-९ | १५८०९३ |
| १२ | बालगंगाप्रा.वि. हरिवन- ११ | ६०१२१५ |
| १३ | जनजागृतीमा.वि. बेताली हरिवन-८ | २०१७६५ |
| १४ | चतुर्भुजेश्वरजनता मा.वि. हरिवन-१० | ७४६३३३ |
| १५ | महादेवजनता मा.वि. हरिवन-८ | १३४१७४३ |
| १६ | बाढीपिडितसुकुम्बासी प्रा.वि. ताइवानवस्ती, हरिवन-१० | २२२०८३ |
| १७ | प्रा.वि.दनुवार ब्रम्हस्थान, हरिवन- ९ | २१७९२८ |
| १८ | चुरे जनताप्रा.वि. चापिनी, हरिवन-८ | २४८१७५ |
| १९ | श्रीमतीमाइरानी मिक्चनी मा.वि. गणेशचोक, हरिवन- ४ | ६३२६७० |
| २० | राम वहादुरपुलामी आधारभुत विद्यालय डावरी, हरिवन- ३ | ३८१५६३ |
| २१ | प्रा.वि.मोहनपुर हरिवन- ३ | १४७१०५ |
| | जम्मा | **७४५७९२२** |


https://nams.oag.gov.np

## बेरूजु दफा ६३.२ सँग सम्बन्धित विवरण - अनुसूची -१२

| कक्षा | भुक्तानी विद्यार्थी संख्या | विद्यालयकोहाजिरीमा विद्यार्थी संख्या | वढीसंख्या | विवरण | जम्मादिन | वढी निकासा |
|---|---|---|---|---|---|---|
| १ | चतुर्भुजेश्वरजनता मावि | | | | | |
| २ | ३९ | २५ | १४ | १५ | ११७ | २४५७० |
| ३ | ४७ | ४० | ७ | १५ | ११७ | १२२८५ |
| ४ | ५७ | ४३ | १४ | १५ | ११७ | २४५७० |
| ५ | ६३ | ५० | १३ | १५ | ११७ | २२८१५ |
| | जम्मा | | | | | ८४२४० |
| २ | चतुर्भुजेश्वरजनता मावि | | | | | |
| १ | २४ | १५ | ९ | १५ | ६४ | ८६४० |
| २ | २५ | १६ | ९ | १५ | ६४ | ८६४० |
| ३ | ३७ | २४ | १३ | १५ | ६४ | १२४८० |
| ४ | ४९ | ३२ | १७ | १५ | ६४ | १६३२० |
| ५ | ६२ | ३७ | २५ | १५ | ६४ | २४००० |
| जम्मा | | | | | | ७००८० |
| | कुल जम्मा | | | | | १५४३२० |

## बेरूजु दफा ६९ सँग सम्बन्धित विवरण - अनुसूची -१३

| सि न | समुहको नाम | रकम | सामाग्री |
|---|---|---|---|
| कृषि यान्त्रीकरण | | | |
| १ | लक्ष्मी प्रसाद गडतौला लगायत १९ जना व्याक्ति ५०% अनुदान | ४४४०४२ | स्प्रेयर ९, Corn planter १० , Mini Tailor ६ , ब्रस कट्टर लगायत - ५ लगायत वितरण |
| २ | प्रगतिशिल कृषक समुह सहित ११ समुह | ४७०१९३ | स्प्रेयर २३, Corn planter १३ , Mini Tailor ७ , Combine Mill-8 लगायत वितरण |
| साना सिँचाई प्रवर्द्धन कार्यक्रम | | | |
| ३ | प्रगतिशिल कृषक समुह सहित ११ समुह | ९७८५६० | सिचाई सामाग्री हस्तान्तरण, |
| साईलेस घाँस वितरण कार्यक्रम | | | |
| ४ | कृषक उत्थान कृषि बहुउद्देशीय सहकारी संस्था लि. समेत २१ | ९४६८०० | साईलेश घाँस वितरण |
| अन्य अनुदान | | | |
| ५ | संस्थाको नाम | रकम | प्रयोजन/कार्यक्रम |
| ६ | कृषक उत्थान बहुउद्धेश्य सहकारी संस्था लि. | १३०६२८० | उक्त सहकारीमा आबद्ध रहेका कृषकहरुको कृषि उत्पादनमा वृद्धी मार्फत आयआर्जन वृद्धी गर्नका ट्याक्टर र रोटाभेटर खरिद गरि सहकारीलाइ हस्तान्त्रण |
| ७ | चतुर्भुजेश्वर जनता बहुमुखि क्याम्पस | १०६२००० | छात्राबास भवन निर्माण |
| ८ | मानवसेवा आश्रम तथा द्धन्दपिडित अनाथ बालगृह हरिवन-5 | १०८४८९२ | उक्त संस्थामा बसोबास गर्ने अनाथ बालबालिका र वृद्धावृद्धलाइ खाद्यन्न वितरण |
| ९ | हरियालिबहुउद्धेश्य कृषक समुह | ६४४३६ | उक्त समुहमा आवद्ध कृषकहरुद्वरा तरकारी खेति प्रबर्द्धनगरि आयआर्जन सुधार गर्न |
| १० | नवजागरण कृषक समुह | ५८७०१ | उक्त समुहमा आवद्ध कृषकहरुद्वरा तरकारी खेति प्रबर्द्धनगरि आयआर्जन सुधार गर्न |
| ११ | उन्नत जातको फलफुल खेति तथा कृषक फर्म | ३४८८० | वोयर खेति प्रबर्द्धन |
| १२ | श्री उत्पनेश्वर कृषक समुह | ५९४९७ | उक्त समुहमा आवद्ध कृषकहरुद्वरा तरकारी खेति प्रबर्द्धनगरि आयआर्जन सुधार गर्न |
| १३ | दिपज्योति कृषक समुह | ४३८८२ | उक्त समुहमा आवद्ध कृषकहरुद्वरा तरकारी खेति प्रबर्द्धनगरि आयआर्जन सुधार गर्न |
| १४ | जनजागृति टोल विकास संस्था | ४५००० | |

## बेरूजु दफा ७०.१ सँग सम्बन्धित विवरण - अनुसूची -१४

| क्र.सं | लाभग्राहीको नामथर | परिचयपत्रनं | वडा | मृत्यु मिति | जम्मा निकासा | भुक्तानी हुनुपर्ने | फिर्ताहुनुपर्ने |
|---|---|---|---|---|---|---|---|
| १ | बाटुलीमाया थिङ्ग | १९९८१२३१६६९०६ | ७ | २०८१।०२।१५ | १२००० | ६००० | ६००० |
| २ | बुद्धिमाया दमाई | १९९५०४०३०१०४६ | १० | २०८१।०३।१५ | १२००० | १०००० | २००० |
| ३ | रौबेदाखातुन | २००१०१०१०९०१६३१ | ४ | २०८१।०३।११ | १२००० | ९४६७ | २५३३ |
| ४ | गोनियादेवी तेली | २००५१२३१८३२८४ | ३ | २०८१।०३।२२ | १२००० | १०९३४ | १०६६ |
| ५ | बिर बहादुरअछामी मगर | २००३१२३२१३६५६ | १० | २०८१।०३।१७ | १२००० | १०२६७ | १७३३ |
| ६ | चन्द्रबहादुर भुजेल | १९९६१२३११५६५९ | ३ | २०८१।०२।१६ | १२००० | ६०६३ | ५९३७ |
| ७ | भव प्रसादघिमिरे | १९९३१२३०८९७७८ | ८ | २०८१।०२।०८ | १२००० | ५७७५ | ६२२५ |
| ८ | भक्त मायापाठक | १९९५१२३१३५४१४ | ११ | २०८१।०१।०५ | २४००० | १२६६६ | ११३३४ |
| ९ | मान बहादुरस्याङतान | २००२१२३२२९७८७ | ५ | २०८१।०३।२३ | १२००० | ११०६६ | ९३४ |
| १० | गोपालदमाई | २०१८१२२००१७०४ | १ | २०८१।०२।२५ | १२००० | ४८७६ | ७१२४ |
| ११ | ओम मायामगर | १९९५१२३१३५१७४ | १० | २०८१।०३।२८ | १२००० | ११७३३ | २६७ |
| १२ | आईती मायाबोम्जन | १९९८१२३१६५७२६ | ५ | २०८१।०१।०३ | १२००० | ८४०० | ३६०० |
| १३ | यदुनाथकाफ्ले | २०००१२३२०३५४७ | २ | २०८१।०३।१० | १२००० | ९३३४ | २६६६ |
| १४ | मान बहादुरस्याङतान | २००२१२३२२९७८७ | ५ | २०८१।०३।२३ | १२००० | ११०६६ | ९३४ |
| १५ | मिन प्रसादपोखरेल | २०१४०११५४०९४६९ | १० | २०८१।०१।१५ | १२००० | २०२५ | ९९७५ |
| १६ | जदुनन्दनमहतो | २००३१२३२१३२२७ | ६ | २०८१।०१।१८ | १२००० | २४०० | ९६०० |
| १७ | बबरजंगथापा | १९८९१२३०५१४८७ | ९ | २०८१।०३।२४ | १२००० | ११२०० | ८०० |
| १८ | प्रभु राजकार्की | २०११०९०२०१९६८ | ७ | २०८१।०२।३१ | १२००० | ८००० | ४००० |
| १९ | तुलसादेवी | २०११२३१६२८३२ | ११ | २०८१।०२।२४ | १२००० | ७२०० | ४८०० |
| २० | रन कुमारीनेपाल | १९९८१२३१६६७९९ | ९ | २०८१।०३।२३ | १२००० | ११०६६ | ९३४ |
| २१ | मेघु महराचमार | २००५१२३०८८९२१ | ७ | २०८१।०१।०५ | १२००० | ६६७ | ११३३३ |
| २२ | सुकु मायामोक्तान | २००११२३१६२७३३ | ७ | २०८१।०३।१७ | १२००० | १०२६७ | १७३३ |
| २३ | रोजनी देवीदनुवार्नी | २००७१२३०७१२४६ | ९ | २०८१।०२।२४ | १२००० | ७२०० | ४८०० |